मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ९३ ★ ने. सं. ११४४ चौला गा, प्रतिपदा ★ बिहीबार ★ १३ वैशाख, २०८१ ★ April 25, 2024, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# पार्टी कार्यकर्ताहरू समाज परिवर्तनमा लाग्नु आवश्यक

भक्तपुर, १२ वैशाख । नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिको आयोजनामा जिल्लास्तरीय कार्यकर्ता भेला बुधबार सम्पन्न भयो ।

भेलामा प्रशिक्षण दिँदै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले समाजमा राम्रा शिक्षकहरूको अभाव हुनाले विभिन्न गम्भीर समस्या देखापरेको बताउनुभयो । असल शिक्षक बनेर समाजको सेवा गर्न नयाँ पुस्तालाई उत्प्रेरित गर्नुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो ।



अध्यक्ष रोहितले भन्नुभयो, "शिक्षकले राजनीतिक कुरा गर्नैपर्छ । प्रगतिशील या परिवर्तनको कुरा विद्यार्थीलाई शिक्षकले बताउनुपर्छ । विद्यार्थीहरूको चेतनाको स्तर बढाउनुपर्छ । समाजवादबारे विद्यार्थीहरूलाई शिक्षित गर्न आवश्यक छ ।"

उहाँले प्रस्ट भन्नुभयो, "शिक्षकले कक्षा कोठामा दल विशेषको वकालत गर्नु हुँदैन । तर, विद्यार्थीलाई राजनीतिक विषयमा जानकारी दिनुपर्छ । शिक्षकले राजनीति गर्नु हुँदैन भन्ने मन्त्री र सरकार प्रजातन्त्रविरोधी हो ।"

"पैसाको पछि लाग्नु गलत हो । मुख्य कुरा त समाजलाई माथि उठाउनु हो । नयाँ पुस्तालाई उत्साहित गर्न आवश्यक छ ।" अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

पार्टी कार्यकर्ताहरूले समाज परिवर्तनबारे सोच्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले राजनीतिक कार्यकर्तासँग तर्कपूर्ण तथा उचित जवाफ हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "जनताको निम्ति काम गर्ने राजनीतिक कार्यकर्ता पछि पर्नुहुँदैन । बरु, आफू जहिल्यै जानकारीबाट सुसूचित हुनुपर्छ ।"

विचारको लडाइँमा झुक्न नहुने विचार व्यक्त गर्दै अध्यक्ष रोहितले भन्नुभयो, "एमाले, माओवादीहरू विचार, व्यवहार र कामले नै कम्युनिस्ट होइनन् । उनीहरूले जनतालाई धोखा दिनमात्र कम्युनिस्ट नाम राखेका हुन् । यो यथार्थ जनतालाई बताएनौँ भने हाम्रो कर्तव्य पूरा हुँदैन ।"

अध्यक्ष रोहितले मित्रराष्ट्र प्रजग कोरियाका मजदुर फिर्ता पठाएर र राजदूतावास बन्द गराएर दुई देशबिचको पुरानो सम्बन्ध बिगारेको उल्लेख गर्दै सरकारले चीनसँग सुमधुर सम्बन्ध कायम गर्न नसकेको प्रस्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "अमेरिका र भारतले नेपाललाई चीनसँगको ब्यापार बन्द गर्न दबाब दिँदै छन् । त्यसैको परिणाम नेपाल–चीन नाका बरोबर बन्द भइरहेको छ । व्यापार बन्द हुने स्थितिमा पुग्दै छ ।"

उहाँले चीनलाई चुस्ने र भारतलाई पोस्ने खेल चलिरहेको दृष्टान्त प्रस्तुत गर्नुभयो ।

कम्युनिस्ट भेषका भारतीय एकाधिकार पुँजीका दलालहरूको निन्दा गर्नुपर्ने आवश्यकताबारे पनि उहाँले प्रस्ट पार्नुभयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले शासक दलहरूले सिद्धान्तहीन राजनीतिको बाटो लिएकै हुनाले केन्द्र र प्रदेशमा राजनीतिक अस्थिरता बढेको बताउनुभयो ।

देशमा आर्थिक सङ्कट गहिरिँदै गएको हुनाले समाजको तलो तहको जीवनस्तर खस्किरहेको बताउँदै उहाँले नजिक आइसकेको मई दिवसमा जनताका जल्दाबल्दा समस्यालाई लिएर छलफल तथा सङ्घर्ष चालु राख्नुपर्ने विचार व्यक्त गर्नुभयो । संरा अमेरिकी साम्राज्यवादले प्यालेस्टिन र रुसविरुद्ध युद्ध चालु राखेको उल्लेख गर्दै उहाँले १३५ औँ मई दिवसमा संसारभरि युद्धविरोधी आवाज घन्किने चर्चा गर्नुभयो ।

# के शिक्षकले राजनीति गर्नु गलत हो ?

काठमाडौँ, १२ वैशाख । शिक्षा मन्त्रालयले राजनीतिक गतिविधिमा संलग्न शिक्षक, कर्मचारीहरूलाई कारबाही गर्ने प्रक्रिया अगाडि बढाएको समाचार ५ वैशाख २०८१ को गोरखापत्रले छाप्यो ।

राजनीति देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने हो । सबै नागरिक राजनीतिमा सहभागी भएमा देश विकासमा टेवा पुग्नेछ । राजनीतिलाई सेवाको भावनाले भन्दा अहिले फाइदा र सुविधा लिने तथा व्यक्तिगत स्वार्थको लागि प्रयोग गरिएकै कारण राजनीतिप्रति जनतामा वितृष्णा जागेको हो ।

३० वर्षे पञ्चायती व्यवस्था अन्त्यको लागि राजनैतिक दलहरूसँगै शिक्षकहरू काँधमा काँध मिलाएर सङ्घर्षमा उत्रेका थिए । २०३६ सालको सङ्घर्ष, २०४२ सालको शान्तिपूर्ण आन्दोलन र २०४६ सालको परिवर्तनमा शिक्षक, कर्मचारी र प्राध्यापकहरूको पनि महत्त्वपूर्ण भूमिका थियो । २०६२।०६३ को आन्दोलनमा पनि शिक्षक कर्मचारीहरूको सक्रिय सहभागिता थियो । सबै पक्षको साथ र सहयोगले नै राजनैतिक परिवर्तन सम्भव भएको हो । देशको राजनैतिक परिवर्तनमा सक्रिय भूमिका खेल्ने शिक्षक, प्राध्यापक र कर्मचारीहरूलाई राजनीतिबाट बञ्चित गर्ने र अझ राजनीतिक कार्यक्रममा भाग लिएमा दण्ड सजाय गर्ने हामी कस्तो प्रजातन्त्रको अभ्यास गर्दै छौँ ? प्रजातन्त्रको फल सबैले समानरूपमा उपभोग गर्न पाउनुपर्छ ।

विद्यालय, कलेज र विश्वविद्यालयहरूमा विभिन्न विद्यार्थी, शिक्षक र प्राध्यापक सङ्घ संस्थाहरूले तोडफोड, आगजनी, तालाबन्दी र कुटपिटका घटनाहरू गर्ने गरेका छन् । ती राजनीति नभई अराजक गतिविधिहरू हुन् । शिक्षक नियुक्तिमा भागबन्डा, विद्यार्थी भर्नामा पक्षपात, परीक्षाफल प्रकाशनमा अनियमितता, शिक्षण संस्थाहरूभित्र हुने गलत क्रियाकलापहरू हुन् । त्यसलाई रोक्न र शैक्षिक क्षेत्रमा शान्तिपूर्ण वातावरण तयार गर्नु सबैको जिम्मेवारी हो ।

शासक दलका अधिकांश नेताहरू प्रचण्ड, माधव नेपाल, शेरबहादुर देउवा, बाबुराम भट्टराईलगायतले विद्यालयहरूलाई शान्ति क्षेत्र घोषणा गर्दै शिक्षण संस्थाहरूमा बन्द, हडताल नगर्ने प्रतिबद्धतासमेत गरेका थिए । अहिले ती नै पार्टीका भ्रातृ सङ्गठनहरूले बारम्बार शिक्षण संस्थाहरूमा अराजक गतिविधिहरू गर्दै छन् र नियोजितरूपमै देशका शिक्षण संस्थाहरू ध्वस्त पार्दै विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षाको लागि विदेश जान बाध्य पार्दै छन् । वार्षिक लाखौँका सङ्ख्यामा विद्यार्थीहरू बिदेसिनुमा शासक दलका शिक्षक, प्राध्यापक र विद्यार्थी सङ्गठनहरू जिम्मेवार छन् ।

नि:शुल्क र गुणस्तरीय शिक्षा, स्वास्थ्य उपचारको राम्रो बन्दोबस्तको लागि आवाज उठाउनु, महँगीको विरोध,

बाँकी पृष्ठ २ मा




# काठमाडौँ उपत्यकालाई सांस्कृतिक राजधानी बनाउनुपर्ने



काठमाडौँ, १२ वैशाख । "काठमाडौँ उपत्यकाको भाषा, संस्कृति, रहनसहन र सभ्यता विश्वकै उत्कृष्ट रहेको हुँदा आफैँमा जीवन्त सङ्ग्रहालय रहेको र यसलाई देशकै सांस्कृतिक राजधानी बनाउनुपर्ने आवश्यकता छ ।"

उक्त भनाइ भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बुधबार काठमाडौँमा आयोजित संस्कृतिकर्मीहरूको भेलामा बताउनुभएको हो ।

नेपालमा सांस्कृतिक अतिक्रमण भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले भन्नुभयो, "भाषा र संस्कृति रहेन भने हाम्रो परिचय समाप्त हुन्छ ।"

प्रमुख प्रजापतिले पुर्खाले नासोको रूपमा छोडेको मूर्त तथा अमूर्त सम्पदाहरू संरक्षण गरी पुन:निर्माण गर्न नयाँ पुस्ता सक्षम हुनुपर्नेमा जोड दिँदै सम्पदा पुन:निर्माणमा विदेशी सहयोगले मौलिकता गुम्ने खतरा औँल्याउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले सांस्कृतिक पुनर्जागरण ल्याउने प्रयास गरिरहेको चर्चा गर्दै मौलिक गुँला बाजाको प्रबर्द्धन तथा बाजाप्रति नयाँ पुस्ताको आकर्षण बढाउन प्रतियोगिता आयोजना गरेको प्रस्ट पार्नुभयो ।

गुँला बाजा व्यवस्थापन समिति काठमाडौँमा अध्यक्ष अमिरमान शाक्यले सांस्कृतिक सम्बन्ध विस्तारको लागि भक्तपुर नगरपालिकाले गरेको प्रयास सकारात्मक रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखवले नपाको आयोजनामा यही वैशाख २२ गते हुने खुला गुँला बाजा प्रतियोगिताबारे जानकारी दिनुभयो ।

सांस्कृतिक गुरुहरू डा. पुष्परत्न शाक्य, देवचन्द्र बज्राचार्य, त्रिरत्न मानन्धरलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा गुँला बाजा प्रतियोगितालाई उत्सवकै रूपमा मनाउनुपर्ने र देशभरिकै गुँलाबाजाकर्मीहरूलाई सहभागी गराउने वातावरण बनाउन सुझाव दिइएको थियो ।

# उपनिर्वाचनको मौन अवधि बुधबार रातिदेखि

काठमाडौँ, १२ वैशाख (रासस) । वैशाख १५ गते हुने इलामको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ र बझाङको प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं १ को उपनिर्वाचनको लागि निर्वाचन आचारसंहिताअनुसार बुधबार रातिदेखि प्रचारप्रसार गर्न निषेध गरिएको छ ।

निर्वाचन आयोगले मतदान हुने दिन वैशाख १५ गतेभन्दा ४८ घण्टा अघि वैशाख १२ गते राति १२ बजेदेखि मतगणनाको कार्य सम्पन्न नभएसम्म प्रचारप्रसार गर्न निषेध गरिएको जनाएको छ । आयोगले यस अवधिमा उपनिर्वाचन हुने सम्बन्धित जिल्लामा आचारसंहिता प्रतिकूल हुने गतिविधिको निगरानी तथा नियन्त्रणका लागि सूक्ष्म अनुगमन गरी आचारसंहिता पालना गराउने व्यवस्थासमेत मिलाइसकेको छ ।

निर्वाचन आचारसंहिताबमोजिम प्रचारप्रसार निषेधको अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठीलगायत गर्न तथा उम्मेदवारको पक्ष या विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, एसएमएस, फेसबुक भाइबरजस्ता विद्युतीय माध्यम तथा सामाजिक सञ्जालबाट मत माग्न निषेध छ ।

बाँकी पृष्ठ ८ मा

बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:
- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलव्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड




वैशाख १५ गते हुने उपनिर्वाचनको प्रचारप्रसारको क्रममा नेमकिपाको तर्फबाट बुधबार बझाङको तलकोट गाउँपालिकाको खौला बजार, सुर्मा र मष्टा गाउँपालिका तथा जयपृथ्वी नगरपालिकामा भएको प्रचार अभियानको एक झलक ।

तस्बिर : मजदुर दैनिक

# कीर्तिपुरमा लेनिन जन्म दिवस



काठमाडौँ, १२ वैशाख । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरु लेनिनको १५४ औँ जन्म दिवसको अवसरमा बुधबार कार्यकर्ता भेला भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले लेनिनको योगदान र शिक्षाबाट ज्ञान लिएर देशमा समाजवादी क्रान्तिको परिस्थिति तयार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पुँजीवादी सरकारमा सामेल हुन नहुने, संसद्को क्रान्तिकारी उपयोग गर्ने र मजदुर तथा किसानलाई सङ्गठित गरी क्रान्ति अगाड बढाउनुपर्ने शिक्षा लेनिनबाट लिनुपर्ने उहाँले बताउनुभयो ।

हरिकुमार महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा अविरमान महर्जन, अशोक डंगोल, प्रशान्त महर्जन र कान्छाबाबु महर्जनले पनि बोल्नुभएको थियो ।

# गोरखामा भूकम्प : पुन:निर्माणको पर्खाइमा पूर्वाधार

**– प्रगति ढकाल**

काठमाडौँ, १२ वैशाख । बहत्तर सालको भूकम्पका कारण क्षतिग्रस्त पूर्वाधार पुन:निर्माणले अझै पूर्णता पाएको छैन । नौ वर्ष बितिसक्दा पनि कतिपय पूर्वाधार अझै पुन:निर्माणको पर्खाइमा छन् ।

विसं २०७२ वैशाख १२ गते गोरखाको बारपाक केन्द्रविन्दु भइ गएको सात दशमलव छ रेक्टरस्केलको विनाशकारी भूकम्पका कारण लाखौँको सङ्ख्यामा निजी आवासका साथै विद्यालय, पुरातात्त्विक र सरकारी भवनलगायतका ठुलो क्षति पुगेको थियो । सो भूकम्पमा परी आठ हजार नौ सय ७९ जनाले ज्यान गुमाएका थिए भने २२ हजार तीन सय नौ घाइते भएका थिए ।

भूकम्पले करिब दश लाख निजी आवास, सात हजार पाँच ५३ विद्यालय, ४९ हजार छ सय ८१ कक्षाकोठा, पाँच सय ४४ स्वास्थ्य संस्थामा पूर्ण क्षति, छ सय ५३ स्वास्थ्य संस्थामा आंशिक क्षति भएको थियो । यसैगरी चार सय १५ सरकारी भवन, विश्व सम्पदा क्षेत्रका एक सय ७० सम्पदासहित नौ सय २० सांस्कृतिक सम्पदा र सुरक्षा निकायका तीन सय ८३ भवनमा क्षति पुगेको थियो । तीन हजार दुई सय १२ खानेपानी संरचना, ५३ वटा सडक र दुई सय ९९ मानव बस्तीमा क्षति पुगेको थियो ।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन एकाइका प्रमुख कोषनाथ अधिकारीका अनुसार भूकम्पबाट विस्थापित झन्डै ९२ हजार पीडितले अझैसम्म पनि निजी भवन निर्माण सम्पन्न गर्न सकेका छैनन् । प्रमुख अधिकारीले भन्नुभयो, "तथ्याङ्कअनुसार ८८ दशमलव ९६ प्रतिशत भूकम्प प्रभावितले मात्रै निजी आवास बनाउन सकेका छन् । भूकम्पमा झन्डै साढे आठ लाख निजी आवासमा क्षति पुगेको थियो । त्यसमध्ये आठ लाख ३२ हजारसँग अनुदान सम्झौता भएको थियो । पुर्ननिर्माण सम्पन्नपश्चात् तेस्रो किस्ता लिने लाभग्राहीको सङ्ख्या सात लाख ३३ हजार मात्रै छन् ।"

एकाइका अनुसार एक हजार एक सय ३६ स्वास्थ्य चौकीमध्ये नौ सय २५ निर्माण सम्पन्न भइसकेका छन् । यसैगरी, भूकम्पका कारण क्षति पुगेका चार सय १५ सरकारी भवनमध्ये चार सय ८ भवनको निर्माण सम्पन्न भइसकेको छ । एक सय छ एकीकृत बस्ती विकास गर्ने सरकारको लक्ष्य रहेकोमा ९७ को निर्माण सम्पन्न भएको एकाइको भनाइ छ । अब भने ९ ओटा एकीकृत बस्ती विकासको काम बाँकी छ ।

अधिकारीका अनुसार धराहराको निर्माणको भौतिक प्रगति ९३ प्रतिशत पुगेको छ । साथै भारत सरकारको अनुदानमा सञ्चालित पुरातात्त्विक सम्पदाको संरक्षण तथा जीर्णोद्वारको भौतिक प्रगति भने ७५ प्रतिशत छ । यसको अधिकांश काम चालु आर्थिक वर्षमा सम्पन्न गर्ने गरी काम भइरहेको छ ।

एकाइका अनुसार निजी आवास निर्माणका लागि सम्झौता भएकामध्ये आठ लाख ३२ हजार चार सय ७० ले पहिलो किस्तावापत रु. ५० हजार भुक्तानी लिएका थिए । यसवापत सरकारको रु. ४१ अर्ब ६२ करोड ३५ लाख खर्च भएको थियो । दोस्रो किस्तावापत रु. एक लाख ५० हजार लिने लाभग्राहीको सङ्ख्या सात लाख ६५ हजार आठ सय ६१ छ । यसवापत सरकारको रु. एक खर्ब १४ अर्ब ८७ करोड ९१ लाख ५० हजार खर्च भएको थियो । त्यस्तै, तेस्रो किस्ताबापतको रु. एक लाख अनुदान लिने लाभग्राहीको सङ्ख्या सात लाख ४१ हजार सात सय ९८ छ । जसमा सरकारको रु. ७४ अर्ब १७ करोड ९८ लाख खर्च भएको छ । निजी आवास निर्माणतर्फ मात्रै सरकारको रु. दुई खर्ब ३० अर्ब ६८ करोड २४ लाख ५० हजार खर्च भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन एकाइका अधिकृत यदुबिक्रम थापाका अनुसार भूकम्पका कारण भत्किएकामध्ये हाल ३८ वटा विद्यालयको पुन:निर्माण बाँकी छ । उहाँले भन्नुभयो, "भूकम्पमा क्षतिग्रस्तमध्ये सात हजार पाँच सय ४३ विद्यालयको पुन:निर्माण भइसकेको छ भने अब ३८ वटाको काम बाँकी छ । ती विद्यालयको पुन:निर्माणको काम अन्तिम चरणमा छ ।"

भूकम्पबाट भत्किएका संरचना निर्माणको जिम्मा पाएको पुन:निर्माण प्राधिकरण २०७८ सालदेखि खारेज भएपछि विद्यालय पुन:निर्माणको जिम्मेवारी सो एकाइको मातहतमा आएको छ ।

पुरातत्त्व विभागकी महानिर्देशक सौभाग्य प्रधानाङ्गले पुरातात्त्विक सम्पदा पुन:निर्माणका लागि आवश्यक बजेटको अभाव, नीतिगत अष्पष्टता, आवश्यक कच्चा पदार्थको अभावका कारण समयमा नै निर्माण सम्पन्न हुन नसकेको स्पष्ट पार्नुभएको छ । उहाँले भन्नुभयो, "सम्पदा पुन:निर्माणको जिम्मा त आउँछ, तर आवश्यक वित्त स्रोत तथा साधनको अभावका कारण समयमा नै काम सकिन चुनौती थपिएको छ । सम्पदा निर्माण सकिन पनि समस्या नै रहेछ । परम्परागत समानहरूको अभाव हुन्छ । जसले गर्दा निर्माणको काम पनि पछि धकेलिन्छ ।"

विभागका प्रवक्ता रामबहादुर कुँवरले २०७२ सालको भूकम्पका कारण भत्किएका नौ सय २० पुरातात्त्विक सम्पदामध्ये सात सय ७० को निर्माण सम्पन्न भएको र ८० वटा पुरातात्त्विक सम्पदाको पुन:निर्माण भइरहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "दुई सय १५ गुम्बा पुन:निर्माणको जिम्मा विभागलाई आएको दुई वर्ष भयो । तीमध्ये २५ वटा गुम्बाको पुन:निर्माण सुरु भएको छ । कहिले कच्चा पदार्थ नपाउने त कहिले कालिगढ नपाउने समस्याले समयमै काम हुन सकेको छैन ।"

उहाँका अनुसार परातात्विक भवन निर्माणका क्रममा आवश्यक काठ अभावले पनि अर्को समस्या देखिएको छ । "पुरातात्त्विक सम्पदा निर्माणका लागि सोहीअनुसारको काठ आवश्यक पर्छ, तर त्यस्तो काठ पाउन गाह्रो र समय लाग्ने भएकाले पनि पुन:निर्माण सम्पन्न हुने मिति धकलिएको हो ।"

महालेखापरीक्षकको ६० औँ वार्षिक प्रतिवेदनमा विसं २०७२ को भूकम्पको कारण क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण सम्पन्न गरी भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरणको काम प्रभावकारीरूपमा अगाडि बढ्न नसकेको उल्लेख गरिएको छ । प्रतिवेदनअनुसार पुरातात्त्विक सम्पदा र एकीकृत बस्ती विकास तथा सुधारलगायतका क्षेत्रमा चालु कार्यहरू सम्पन्न भएका छैनन् । बाँकी काम सम्पन्न गर्न पहल गर्नुपर्नेमा प्रतिवेदनको जोड रहेको छ ।

अनुदान वितरण भूकम्प प्रभावित निजी आवास पुन:निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची-१ मा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुन:निर्माण एवं प्रबलीकरण अनुदानका लागि छनौट मापदण्डको व्यवस्था छ । महालेखापरीक्षकको प्रतिवेदनअनुसार निजी आवासतर्फ कुल लाभग्राही सङ्ख्या आठ लाख ६६ हजार दुई सय सात रहेकोमा अनुदान सम्झौता गर्ने आठ लाख ३२ हजार पाँच सय ८५ छ ।

# विश्व टेबुलटेनिस दिवस मनाइयो

भक्तपुर, १२ वैशाख । 'विविधता, समावेशी र एकताको लागि टेबुलटेनिस' भन्ने नाराका साथ भक्तपुर जिल्ला टेबुलटेनिस सङ्घको आयोजनामा विश्व टेबुलटेनिस दिवस (अप्रिल २३) मनाइयो ।

सो अवसरमा सङ्घका अध्यक्ष प्रेमकृष्ण खर्बुजाले २०५८ सालमा भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तर नगर खेलकुद प्रतियोगिताअन्तर्गत भएको टेबुलटेनिस खेलमा भक्तपुर नगरपालिका प्रथम भएको स्मरण गर्दै भक्तपुर टेबुलटेनिस खेलको लागि अब्बल जिल्लाको रुपमा स्थापित हुने विश्वास व्यक्त गर्नुभयो । भक्तपुर नगरपालिकाले प्रत्यक वर्ष गर्दै आइरहेको खेलाडी सम्मानमा सहभागी हुन आ-आफूले २०८० सालभित्र प्राप्त गरेका पदकको प्रमाणपत्रको प्रतिलिपिसहित सङ्घमा सम्पर्क गर्न उहाँले अनुरोध गरियो ।

सङ्घका उपाध्यक्ष एवं अखिल नेपाल टेबुलटेनिस सङ्घका विधान मस्यौदा समितिका सदस्य तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी महासङ्घका महासचिव शिवसुन्दर गोथेले दिवस मनाउनको औचित्यमाथि प्रकाश पार्दै खेलाडीहरुले दत्तचित्त भएर अनुशासित भई खेल खेले अवश्य सफल हुने बताउनुभयो ।

सङ्घका अर्का उपाध्यक्ष तथा पूर्वअन्तर्राष्ट्रिय टेबुलटेनिस खेलाडी तथा भक्तपुर नगरपालिकाका खेलकुद प्रशिक्षक मुना बासुकलाले भक्तपुर नगरपालिकाले खेलाडीहरुलाई गर्दै आइरहेको योगदानलाई भुल्न नहुन बताउँदै सामाजिक सन्जाललाई सही सदुपयोग गर्नुपर्ने बताउनुभयो ।

विगतमा अप्रिल ६ का दिन मनाउँदै आइरहेको विश्व टेबुलटेनिस दिवस सोही दिन अन्तर्राष्ट्रिय विकास र शान्तिको लागि खेल' दिवस पनि परेको हुनाले अन्तर्राष्ट्रिय टेबुलटेनिस महासङ्घका प्रथम अध्यक्ष Ivor Montsgu को जन्मदिन तथा सोही वर्ष अन्तर्राष्ट्रिय टेबुलटेनिस महासङ्घले प्रथम विश्वव्यापी टेबुलटेनिस च्याम्पियनसिप प्रतियोगिता अवसर पारेको अप्रिल 23 को दिन विश्व टेबुलटेनिस दिवस मनाइएको हो ।

***के...***

भ्रष्टाचारको विरोधमा आन्दोलन गर्नु एक सचेत नागरिकको कर्तव्य हो । जनतालाई परेको पिर मर्काको बारे सङ्गठितरूपमा आवाज उठाउनु नै राजनीति हो । शिक्षक भएको कारणले त्यस्तो जनताको हितको पक्षमा आवाज उठाउन नपाउने भन्ने कसरी हुन्छ र ?

देशको सिमाना अतिक्रमण, नेपालीलाई भुटानी शरणार्थी बनाएर बेचेको, देशघाती एमसीसी पास गरेको देशघाती सन्धि सम्झौताविरुद्धमा सार्वभौमिकता रक्षाको निम्ति सामन्तवाद, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोधमा आवाज उठाउनु सबै नागरिकको कर्तव्य हो ।

पढाउन छोडेर विभिन्न पार्टीको झन्डा बोकेर हिँड्ने, विद्यालयमा पाइला नटेक्ने, पार्टीको धाक देखाएर सधैँ तलबमात्रै बुझ्ने, विद्यालयको प्रगति र विद्यार्थीहरूको भविष्यबारे चिन्ता नगर्ने शिक्षकहरूलाई भने तत्काल कारबाही गरी जागिरबाट बर्खास्त गरिनुपर्छ ।

विद्यार्थीहरूलाई देशको सार्वभौमिकता रक्षाको बारे आवाज उठाउने, भ्रष्टाचार र महँगीको विरोध गर्ने तथा अन्यायविरुद्ध लड्न उत्साहित गर्ने शिक्षक प्राध्यापकहरूलाई राजनीति गरेको आरोपमा कारबाही गर्ने हो भने भोलि देशको बारे बोल्ने कोही हुनेछैन । देशको सार्वभौमिकता रक्षाको निम्ति आवश्यक भए सबै सेना बनेर लड्ने शिक्षा विद्यार्थीहरूलाई दिन सक्ने देशभक्त शिक्षक र प्राध्यापकहरू देशको निम्ति आवश्यक छ । त्यस्तालाई कार बाही होइन, राज्यले सम्मान गर्नुपर्छ । देश र जनताको पक्षमा लड्न सिकाउने पाठ्यक्रम विद्यालय र कलेजहरूमा राख्नेतर्फ शिक्षा मन्त्रालयले विशेष ध्यान दिनुपर्छ ।

अहिले शासन सत्तामा पुगेका अधिकांश नेताहरू कुनै न कुनै कालखण्डमा शिक्षक थिए । त्यतिबेला शिक्षक भएर जागिरको पर्वाह नगरी निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध र बहुदलीय व्यवस्था स्थापनाको आन्दोलनमा होमेका आजका ती सांसदहरू शिक्षकहरूलाई राजनीति गर्न किन रोक्न खोज्दै छन् ?

युवा विद्यार्थीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे बुझाउन नसक्दा धेरै विदेश पलायन भइरहेका छन् । आफ्नै देशका नेताहरूको गलत कामको विरोध गरेर देशमै बस्ने र देश विकासमा योगदान गर्न उत्साहित गर्ने शिक्षा प्रदान गरेको भए देश आजको जस्तो युवाविहीन हुने अवस्थामा पुग्ने थिएन ।

दलीय व्यवस्थामा हरेक व्यक्ति एउटा न एउटा राजनैतिक दलमा लागेकै हुन्छ । निर्वाचनमा मतदान गर्नु पनि राजनैतिक गतिविधिमा सहभागी हुनु हो । के मतदान गरेकै कारण शिक्षक कर्मचारीलाई कारबाही गर्न मिल्छ र ?

वर्तमान शिक्षामन्त्री सुमना श्रेष्ठ स्वतन्त्र पार्टीका हुन् । स्वतन्त्र पार्टी स्वयं पनि पञ्चायती व्यवस्थालाई निर्दलीय भन्नु जस्तै हो । त्यतिबेला अरू पार्टीहरूलाई प्रतिबन्ध लगाएर निर्दलीयताको नाउँमा पञ्चहरूले एकदलीय शासन गर्थे । अहिलेको २१ औँ शताब्दीमा कोही कसैलाई पनि राजनैतिक गतिविधि गर्नबाट रोक्नु उचित होइन ।

# चिकित्सक अभावमा थन्किए उपकरण

हेटौँडा, १२ वैशाख । हेटौँडा अस्पतालमा मुटुरोग विशेषज्ञ अभावमा उपकरण थन्किएका छन् । अस्पताल सञ्चालक समितिका सदस्य उत्सव चौलागाईंका अनुसार मुटुरोगका लागि अस्पतालमा ल्याइएका उपकरण चिकित्सकको अभावका कारण प्रयोगमा आएका छैनन् ।

बिरामीको अत्यधिक चाप रहने अस्पतालमा चिकित्सक नहुँदा उपकरण थन्काउन बाध्य भएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “मुटुरोग विशेषज्ञका लागि अस्पतालले खुलाएको विज्ञापनमा जम्मा एक जना चिकित्सको फाराम पर्‍यो तर उहाँको उमेरको योग्यता नपुगेकाले नियुक्ति दिन प्रदेशको कार्यविधिले रोक्यो ।”

अस्पतालको स्तरोन्नतिसँगै विभिन्न सङ्घसंस्थाले उपलब्ध गराएको उपकरण सञ्चालनमा ल्याउन नपाउँदा दु:ख लागेको उहाँको भनाइ छ । हाल स्त्रीरोग विशेषज्ञ सेवाको कारण मधेस प्रदेशबाट समेत सुत्केरी हुन आउनेको सङ्ख्यामा वृद्धि भइरहेको सदस्य चौलागाइँको भनाइ छ ।

यसबाहेक अस्पतालमा हाडजोर्नी, छालारोग, आईसीयु, एचडीयुलगायतका सेवा उपलब्ध रहेको उहाँले जानकारी दिनुभयो । अब मुटुरोग र सर्जनका लागि भने अस्पताल सञ्चालक समिति प्रयासरत रहेको उहाँको भनाइ छ ।

रोटरी क्लब अफ मकवानपुरको समन्वयमा करिब आठ महिनाअघि मुटुरोगसम्वन्धी करिब रु. एक करोड लागतको उपकरण उपलब्ध गराइएको रोटरी क्लब अफ मकवानपुरको वर्ष २०२४/२५ का अध्यक्ष अनिल अग्रवालले बताउनुभयो । उहाँले मुटुका रोगीलाई हेटौँडामा नै परीक्षण र उपचारमा सहज होस् भनेर उपकरण प्रदान गरिएको बताउनुभयो ।

अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट श्रीधर अर्यालले अस्पतालमा मुटुको परीक्षणको व्यवस्था चाँडै मिलाइने बताउनुभयो । उहाँले जनशक्ति अभावमा कतिपय उपकरण चाहेर पनि उपयोग गर्न नसकिएको उल्लेख गर्नुभयो । ***रासस***



**महाकाल नृत्य**

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका -१ करेलीकाँडामा महाकाल पूजाको अवसरमा प्राचीन महाकाल नृत्य प्रस्तुत गरिँदै । तस्बिर: रामचन्द्र न्यौपाने/रासस

# जङ्गलमा लागेको डढेलो बस्तीमा फैलिँदा पाँच घर जले

सल्लेरी (सोलुखुम्बु), १२ वैशाख । सोलुखुम्बुको नेचासल्यान गाउँपालिका-२ देउपुजेको जङ्गलमा लागेको डढेलो बस्तीमा फैलिँदा पाँच घर जलेका छन् ।

गाईखर्क सामुदायिक वनमा मङ्गलबार लागेको डढेलो डढेलो बस्तीमा छिर्दा पाँच घर जलेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरी निरीक्षक रामचन्द्र साहका अनुसार स्थानीय धनेश्वर राई, केशव राई, शक्ति राई, धनशेर राई र कविर राईको एक/एक वटा घर आगोले जलेर नष्ट भएको हो ।

आगलागीबाट रु. ५३ लाख बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ । धनेश्वर राई र निजका छोरा शक्ति राईको छुट्टाछुट्टै घर जल्दा उनीहरूको तीन तोला सुन, १५ तोला चाँदी नष्ट हुँदा रु. २३ लाख, केशव राई र मकरबहादुर राईको नगद रु. एक लाख ८० हजार नगदसहित अन्य सामग्री जल्दा रु. २० लाख र कविर राईको घर र त्यहाँ रहेको सबै सामान जल्दा रु. १० लाख बराबरको क्षति भएको प्रहरी निरीक्षक साहले बताउनुभयो ।

उहाँले भन्नुभयो, “खरबारीबाट सल्किएको आगो जङ्गलमा प्रवेश गरेको रहेछ, प्रहरी र स्थानीयले निभाउने प्रयत्न गर्दा नजिकैको बस्तीमा प्रवेश गरेर घटना हुन पुग्यो, कतिपय घर खरको छानो भएकाले आगो निभाउन कठिनाइ भयो, अन्तत: बस्तीको आगो निभाइयो तर वनको आगो निभाउन सकिएको छैन ।”

स्थानीयको खरबारीमा सल्किएको आगो वन क्षेत्रमा फैलिएको प्रहरीले जनाएको छ । वनमा लागेको डढेलो नियन्त्रणको प्रयास हुँदाहुँदै हावाको वेगका कारण एक्कासी बस्तीमा आगो सल्किएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले बताउनुभयो । घरमा लागेको आगो स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, सोलु दुधकुण्ड नगरपालिकाको दमकल र नगर प्रहरीलगायत निकायको प्रयासमा आगो निभाइएको उहाँले बताउनुभयो । ***रासस***

# त्रिपालको ओतमुनि तातोपानी कुण्ड : बिरामीलाई सास्ती

गलेश्वर (म्याग्दी), १२ वैशाख । म्याग्दीको रघुगङ्गा गाउँपालिका-४, दर्मिजामा रहेका प्राकृतिक तातोपानीका कुण्ड वर्षौंदेखि त्रिपालको ओतमुनि रहेको छ । तातोपानी कुण्डमा डुबेर उपचार गराउने बिरामीमा त्यहाँसम्म जान बाटो र कुण्डमा भौतिक पूर्वाधार निर्माण भए पनि कुण्डमा जस्तापाताको छाना नहाल्दा त्रिपालको ओतमुनि बसेर बिरामीहरू तातोपानी कुण्डमा डुब्न वा स्नान गर्न बाध्य छन् ।

अघिपछि कुनै समस्या नहुने भए पनि ठुलो पानी पर्दा र चर्को घाम लाग्दा भने समस्या उत्पन्न हुने र बिरामीले सास्ती व्यहोर्नुपर्ने कुण्डमा डुब्न आउनुभएको चिमखोलाका शेरबहादुर पुनले बताउनुभयो । दर्मिजा गाउँको पुछारमा रघुगङ्गा नदीको किनारमा रहेको यस कुण्डको मुहानबाट ५० डिग्री सेल्सियसभन्दा बढी तापक्रमको तातोपानी निस्कने गर्दछ । प्राकृतिक तातोपानीमा डुब्दा विभिन्न रोग निको हुने विश्वास गरिन्छ । यसअगाडि सानो पोखरी रहेकोमा तीन वर्षअघि जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीको सहयोगमा पोखरी निर्माण भएको उपभोक्ता समितिका अध्यक्ष विष्णुप्रसाद पुनले राससलाई जानकारी दिनुभयो ।

रघुगङ्गा नदीको किनारमा अलगअलग ठाउँमा चार वटा पोखरी बनाइएको छ । कुण्डमा जाने ठाउँको दक्षिणतर्फ जल बराहको मन्दिर छ । मुख्य कुण्डको माथि त्रिपाल हालेर घाम पानी छेक्ने बनाइएको अध्यक्ष पुनले जानकारी दिनुभयो । मन्दिरको दाँहिनेतर्फ रहेको तातोपानीको पोखरीमा त्रिपालको छाना हालिएको छ । सो पोखरीमा एकपटकमा २५ जनासम्मले डुबेर उपचार सेवा लिँदै आएका छन् । मन्दिरको देब्रेतर्फ सानाठुला गरी तीन वटा पोखरी छन् । एउटा पोखरीमा २० जना, अर्कोमा १० जना र तेस्रो पोखरीमा पनि १० जनाले एकसाथ बसेर डुब्न सक्नेगरी पक्की पर्खालसहित निर्माण गरिएको छ ।

यी पोखरी निर्माण गर्न जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले रु. ३५ लाख सहयोग गरेको थियो । कोरोनाको जोखिमका बेलामा पनि स्थानीय मजदुर परिचालन गरी पोखरी निर्माण गरिएको दर्मिजा तातोपानी कुण्ड व्यवस्थापन समितिले जनाएको छ । ५० डिग्री सेल्सियसभन्दा बढी तातोपानी निस्कने मुहान यहाँ रहेको छ । सो मुहानको पानी सङ्कलन गरे छालासम्बन्धी रोग, चोटपटक, बज्रिएको, सुन्निने जस्ता समस्या निको हुने विश्वास छ ।

यहाँ स्नान गर्न आउने पाहुना तथा पर्यटकलाई बस्न मिल्ने स्थानको निर्माण पनि यस अगाडि भइसकेको स्थानीय ललिता गर्बुजाले बताउनुभयो । यस पोखरीको नजिक एउटा आकर्षक झरनासमेत रहेको छ । यस स्थानलाई सुरक्षित राख्नका लागि अहिले तटबन्धको कार्यसमेत भइरहेको समितिले जनाएको छ ।

यहाँ डुबेर उपचार सेवा लिनका लागि रघुगङ्गा गाउँपालिकाका विभिन्न ठाउँबाट बिरामी आउने गरेका छन् । त्यसैगरी, कुण्डको नजिकै रघुगङ्गा खोलाको पारिपट्टि रहेको झरनामा रमाउन र कुण्डमा डुबुल्की लगाउन टाढाटाढाबाटसमेत आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका स्थानीय तिलक गर्बुजाले बताउनुभयो । ***रासस***

# मगर भाषा संरक्षणको लागि ‘अक्खा लिपि’ प्रशिक्षण

वालिङ (स्याङ्जा), १२ वैशाख । स्याङ्जाको वालिङमा मगर भाषा संरक्षणका लागि अक्खा लिपिका बारेमा प्रशिक्षण दिइएको छ । विशेषगरी नयाँ पुस्तालाई अक्खा लिपिका बारेमा सिकाएर भाषा तथा संस्कृतिको संरक्षणका लागि प्रशिक्षण दिइएको हो ।

वालिङ नगरपालिकाको आर्थिक सहयोग र नेपाल मगर सङ्घ वालिङ नगर समितिको आयोजनामा वालिङमा १५ दिने प्रशिक्षण सुरु भएको नगर समितिका उपाध्यक्ष सीता थापाले बताउनुभयो । उहाँले भन्नुभयो, “मगर भाषाको संरक्षण र संवर्द्धन गर्दै पछिल्लो पुस्तामा हस्तान्तरण गर्नु जरुरी छ । बेलैमा भाषा तथा लिपि संरक्षणतर्फ लागिएन भने हाम्रो संस्कार संस्कृति नै लोप भएर जान्छ, लोप हुन नदिनका लागि प्रशिक्षणको आयोजना गरेका हौँ ।”

प्रशिक्षणमा वालिङ नगरपालिकाभित्रका १४ वटा वडाबाट दुई/दुई जना र नगर समितिका पदाधिकारी तथा सदस्य गरी झन्डै ५० जनाको सहभागिता रहेको छ । मगर भाषा बोल्न, लेख्न सिकाइने र प्रशिक्षणमा सहभागी भएकाले गाउँघरमा फर्केर अरुलाई सिकाउने भएकाले भाषा तथा लिपि संरक्षणमा प्रभावकारी भूमिका खेल्ने विश्वास उपाध्यक्ष थापाको छ ।

उहाँले भन्नुभयो, “भाषा थाहा भए पनि लिपिका बारेमा ज्ञान नहुँदा समस्या हुने गरेको छ । विशेषगरी अक्खा लिपिका बारेमा सहभागीलाई लेख्न सिकाइने भएकाले भाषा र लिपि संरक्षण हुने र पछिल्लो पुस्तामा पुस्तान्तरण गर्दै लगिनेछ ।” नेपाल मगर लेखक सङ्घका केन्द्रीय सदस्य एवं भाषाविद् पूर्णबहादुर रानामगरले अक्खा लिपिबाट अन्य धेरै लिपिको विकास भएको बताउनुभयो ।

पुरानो पुस्ताले आफ्नो लिपि नयाँ पुस्तामा हस्तान्तरण गर्न सकेमात्रै यसको संरक्षण हुने भएकाले प्रशिक्षण सञ्चालन गरिएको बताउनुभयो । प्रशिक्षणमा नयाँ पुस्ता एवं युवायुवतीको आकर्षण बढ्दै गएकाले पनि भाषा तथा लिपि संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास आयोजकको छ । ***रासस***

# ऐतिहासिक ढोलठानामा पर्यटकीय पूर्वाधार विस्तार

म्याग्दी, १२ वैशाख । तत्कालीन पर्वत राज्यको राजधानी म्याग्दीको बेनी नगरपालिका-९ स्थित ऐतिहासिक महत्त्वको ढोलठानामा पर्यटकीय पूर्वाधार विस्तार भएको छ ।

ऐतिहासिकस्थलको संरक्षण गरी पर्यटक भित्र्याउनका लागि पूर्वाधार निर्माणलाई तीव्रता दिइएको हो । पछिल्लो छ वर्षको अवधिमा ढोलठानामा रु. ५० लाख बढीको पूर्वाधार निर्माण भएको बेनी नगरपालिका-९ घतानका वडाध्यक्ष चक्र केसीले बताउनुभयो ।

उहाँले भन्नुभयो, “बेनी र गलेश्वर आउने पर्यटक तथा भक्तजनको बसाइ लम्ब्याउने उद्देश्यले ढोलठानामा पूर्वाधार विस्तारलाई तीव्रता दिइएको हो । गलेश्वरदेखि घतान हुँदै ढोलठाना जोड्ने पदमार्गको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पार्न अध्ययन थालिएको छ ।”

यस वर्ष गण्डकी प्रदेश सरकारको रु. १० लाख बजेटबाट ढोलठाना दरबार रहेको ठाउँमा मौलिक सीप, कला र स्रोतसाधनको प्रयोग गरेर विश्राम गरेर दृष्यावलोकन स्थल, पैदलमार्ग र प्रवेशद्वार निर्माण गरिएको छ ।

वडा सदस्य गणेश सुवेदीले ढुङ्गा र माटोको प्रयोग गरेर दुई सय मिटर सिँढी चिनेको पदमार्गका साथै उद्यान र बसेर दृश्यावलोकन गर्न ढुङ्गाको सिँढीसहितको विश्रामस्थल बनाइएको जानकारी दिनुभयो । प्रदेश सरकारकै थप रु. १० लाख बजेटबाट उद्यान परिसरलाई संरक्षण गर्न टेवा पर्खाल निर्माण थालिएको छ ।

यसअघि रु. ३० लाख बजेटबाट सडक, पदमार्ग, उद्यान, सार्वजनिक शौचालय र विश्रामस्थल निर्माण भएको थियो । तत्कालीन राजा बम मल्लको समयमा विसं १६३१ देखि राजा हिउँदका चार महिना बेनी र अरु आठ महिना ढोलठानामा बसेर तत्कालीन पर्वत राज्य सञ्चालन गरेको इतिहास छ । पर्वत राज्य नेपालमा विलय भएको विसं १८४३ सम्म ढोलठानामा सो राज्यको राजधानीकारूपमा रहेको थियो ।

नीलबराह सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सागर बानियाँले ढोलठानामा उद्यान निर्माणका क्रममा भेटिएका प्राचीन सामग्री सुरक्षितरूपमा राखिएको बताउनुभयो । उहाँका अनुसार तत्कालीन दरबार निर्माणमा प्रयोग भएका काठ, चट्नी र नुन पिस्ने सिलौटो, झिँगटी, घरका पिल्लर र इँटा भेटिएको थियो ।

समुन्द्री सतहदेखि एक हजार आठ सय ८० मिटर उचाइमा अवस्थित ढोलठानाबाट धवलागिरि, अन्नपूर्ण, नीलगिरिलगायत दर्जनौँ हिमाल, सूर्योदयोको मनमोहक दृष्यको अवलोकन गर्न सकिन्छ । पूर्वाधार निर्माणसँगै बेनी र अन्य ठाउँबाट आएका पर्यटकको चहलपहल बढेको स्थानीय रामबहादुर शाहीले बताउनुभयो ।

उहाँले भन्नुभयो, “नागबेली परेर बगेको म्याग्दी नदीका साथै पर्वत र बागलुङका बजार तथा बस्ती अवलोकन गर्न पाउनु ढोलठानाको थप विशेषता हो । सडक यातायात सुविधा र प्रचारप्रसारसँगै चहलपहल बढेको हो ।” ***रासस***

# काभ्रेको भुम्लुमा सुमो दुर्घटना, १० घाइते

धुलिखेल, १२ वैशाख । काभ्रेपलाञ्चोकको कोशिपारिस्थित चौरीदेउराली गाउँपालिकाको कात्तिकेदेउरालीबाट बनेपातर्फ आउँदै गरेको ना १ ज ६२९१ नम्बरको टाटासुमो भुम्लु गाउँपालिका वडा नं ५ मुलाबारीमा दुर्घटना भएको छ ।

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका प्रहरी नायव उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार बुधबार बिहान भएको उक्त दुर्घटनामा परी चालकसहित १० जना घाइते भएका छन् । घाइतेको प्राथमिक स्वास्थ्य केन्द्र कोलातीमा प्राथमिक उपचारपछि थप उपचारका लागि धुलिखेल अस्पताल रेफर गरिएको प्रहरीले जनाएको छ ।

सुमो अनियन्त्रित भई सडकबाट करिब ३०/३५ मिटर तल खसेको जनाइएको छ । उक्त गाडीमा आठ महिला र दुई जना पुरुष सवार थिए । जसमध्ये तीन जना महिलाको अवस्था जटिल रहेको र अन्य सातको अवस्था मध्यम रहेको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताउनुभयो । गाडी घटनास्थलमा नै रहेको छ । ***रासस***

। सम्पादकीय ।

# साझा सङ्कल्प देखाउने दाँत नहोस्

शासक दलका नेताहरू आफूलाई असल शासक, देश र जनताप्रति उत्तरदायी र चुस्त दुरूस्त सार्वजनिक सेवा प्रवाह गर्ने विश्वास दिलाउँछन् । तर सत्ता र प्रमुख प्रतिपक्षमा रहेका दलका नेताहरू सत्तामोहमा भुलेका छन् । सरकारले गरेको कमीकमजोरी औँल्याएर खबरदारी गर्नुपर्ने प्रमुख प्रतिपक्षी दलका नेताहरू पनि सत्तामोहमा भुलेपछि त्यहाँ सही र गलत राजनीतिको उचित मूल्याङ्कन कसरी हुन्छ ? विपक्षमा रहेको ठुलो दलले प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्छ । उसले सरकारले गरेको नराम्रो कामको उजागर गर्ने या खबरदारी गर्नुपर्ने हुन्छ । गठबन्धन टिकाउने र गठबन्धन ढाल्ने नाउँमा सरकारलाई जनताको पक्षमा काम गराउन दबाब नदिने र आफ्नो दलको सिद्धान्त, विचार र मूल्य-मान्यताको ख्याल नगर्दा सरकार अस्थिर बन्छ र गतिहीन दिशामा जान्छ ।

संसद् जनताको आवाज मुखरित गर्ने थलो हो । सरकार संसद्प्रति जिम्मेवार हुनुपर्छ । संसद्ले सरकारको ध्यानाकर्षण गराउनैपर्छ । तर, प्रमुख विपक्ष दल सरकारमा जाने सम्भावना भएको हुँदा सरकारले भ्रष्टाचारी, कालाबजारी, अनियमित गर्ने अपराधीहरूलाई कारबाही नगरे पनि प्रमुख प्रतिपक्ष मुख खोल्दैन । सरकारमा गइसकेका दलका नेता, मन्त्री र सांसदहरू अनेक भ्रष्टाचार काण्डमा फसिरेहको कुरा उनीहरूलाई राम्ररी थाहा छ । सत्तारूढ दलका नेता, मन्त्री, सांसदलाई भ्रष्टाचार काण्डमा फसेमा या कसुरको आधारमा गल्ती भएमा कारबाही नगर्नुको कारण आफ्ना दलका नेताहरू पनि त्यो मुद्दामा पर्ला भन्ने चिन्ता हुन्छ । लामो समयसम्म मुद्दाको अभियोग लागेका या मुद्दा खेपिरहेका व्यक्तिहरूको मुद्दाको फैसला हुँदैन । त्यस्तो मुद्दाको सरकार प्रक्रिया अघि बढाउँदैन । अहिले नेता, मन्त्री र सांसदमाथि लगाइएका अधिकांश मुद्दाहरूको खोइ न खबर भइरहेको पाइन्छ ।

शासक दलका नेताहरूमा द्वैधचरित्र देखिएको छ । एउटै निर्णय उनीहरू कहिले ठीक र कहिले बेठीक ठान्छन् । नेताहरू सुझबुझका साथ काम गर्दैनन् । शासकहरू सत्ता स्वार्थ र दलीय दाउपेचमा फसेपछि सरकारले प्रतिबद्धता या सार्वजनिक गरेको साझा सङ्कल्प कसरी पूरा गर्ला ? के साझा सङ्कल्प देखाउने दाँत हो ? शासक दलका नेताहरूमा नैतिकता, इमान र विश्वासको सङ्कट छ । सम्पत्ति, शक्ति र सत्तामा रहेर अकुत सम्पत्ति आर्जन गर्ने, नैतिकता, इमानको ख्याल नगर्ने शासक या नेताहरूको सङ्ख्या देशमा बढिरहेको छ । यो देश र जनताको निम्ति राम्रो सङ्केत होइन । यसले देशलाई आर्थिक सङ्कट निम्त्याउँछ, देशमा गरिबीको सङ्ख्या बढाउँछ । यो देशको निम्ति अर्को खतराको सङ्केत हो ।

शासक र ठुला दलका नेताहरूले सही राजनीति गरिरहेका छैनन् । ती दलका नेताहरूले सरकारमा बस्दा या सरकारमा नबस्दा या निर्वाचनकै समयमा किन नहोस् विश्वासिलो राजनीति गरिरहेका छैनन् । सिद्धान्त र विचारको राजनीति गरेर जनताको विश्वास जित्नुपर्ने हो, जनतालाई सचेत र सङ्गठित गर्नुपर्ने हो । यहाँ बेथिति, विसङ्गति र गलत राजनीति हुन्छ । यहाँ सत्ता र भागबन्डाको राजनीति हुन्छ । पार्टीभित्र अनुशासन, अडान र स्पष्ट दृष्टिकोण नहुँदा यो समस्या देखिएको हो । अत: राजनीतिमा स्पष्ट दृष्टिकोण हुनुपर्छ; दलको अडान हुनुपर्छ । असल शासक बन्नुपर्छ । सरकार र सबै दलहरू देश र जनताप्रति उत्तरदायी हुनुपर्छ । शासकहरू इमानदार, दूरदर्शी र देशभक्त हुनुपर्छ ।

# निकट भविष्यमा कस्तो होला संसार ?

## एक आँखीझ्याल

✍ एरिका युङ र केल्भिन यू

केही महिनामै १४ हजारभन्दा बढी प्यालेस्टिनी बालबालिकाको हत्या भयो । यहुदी जातिवादीमा विश्वास गर्ने कब्जाकारीहरू योजना बनाएरै २० लाख प्यालेस्टिनीहरूलाई भोकभोकै मार्ने ध्याउन्नमा छन् । अर्कोतिर पश्चिमा विश्वका सरकारहरूले तिनै जातिवादीहरूलाई पूर्ण साथ-सहयोग दिइरहेका छन् । यस घटनाक्रमबाट हामीले मान्दै आएको सङ्गतिपूर्ण संसार धुजाधुजा भइरहेको छ । यसैलाई 'सभ्यता', 'लोकतान्त्रिक मूल्य' र 'अन्तर्राष्ट्रिय विधिको शासन' भन्ने हो भने वर्तमान संसारलाई असङ्गतिपूर्ण भन्नैपर्छ; मानव जातिलाई यो संसार सुहाउन्न भन्नैपर्छ । तैपनि, जलवायु परिवर्तनविरुद्ध लड्नका निम्ति हाम्रो मानव जातिसँग यिनै भग्न मूल्य र संस्थानबाहेक अर्थोक केही छैन भन्ने भ्रम छरिँदै छ । गाजाको हत्या शिविरमा आगो दन्किरहेकै बेला सन् २०२४ फेब्रुअरीमा मानव इतिहासमै सबैभन्दा बढी जीवाश्म इन्धन उत्खनन गरियो भने पृथ्वीको तापक्रम अहिलेसम्मकै


Declassified KH-4 CORONA November 11 1968

उच्च पुग्यो । कोप-२८ मा कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेत्रोले भने, "गाजा हाम्रो निकट भविष्यको आँखीझ्याल हो ।"

यस्तो अन्धकारपूर्ण भविष्यलाई रोक्नको लागि हेर्दा असङ्गतिपूर्ण लाग्ने यी यावत मुद्दाहरू पछाडिको तर्क बुझ्नैपर्छ । यो लेखमा हामी प्यालेस्टिन र साम्राज्यवादबारे विस्तृत सैद्धान्तिक छलफल गर्छौं । संरा अमेरिकी दबदबामा रहेको विश्व पुँजीवादी व्यवस्थाले आफूलाई 'हरित साम्राज्यवाद' मा फेर्दै छ र चर्किँदै गइरहेको पर्यावरणीय सीमा र जनप्रतिरोधले ल्याएको संरचनात्मक सङ्कटमा मलम लगाउने प्रयास गर्दै छ । अहिले यहुदीवादी बसोबासी उपनिवेशवादको सामना गरिरहेको प्यालेस्टिन यही साम्राज्यवादी प्रक्रियाको अग्रमोर्चामा छ । हरित प्रविधिको घमण्ड गरिरहेको साम्राज्यवादको दोहोरो चरित्र अहिले त्यही देखापर्दै छ । आफूले 'मान्छे नभएको भूमि' भनेको प्यालेस्टिनको पर्यावरण नै हातमा लिने उपनिवेशवादीहरूको विरोधाभाषपूर्ण र भयानक कार्यमा हरित प्रविधिको अन्तर्विरोध निहित छ । लेखको पुछारमा हामी साम्राज्यवादविरोधी डिग्रोथतिर हामी कसरी सङ्गठित बन्न सक्छौं भन्ने विषयमा चर्चा गरिनेछ । किनभने पुँजीवादको छत्रछायाँमा सयौं वर्षसम्म 'प्रगति' गरेपछि मानव जीवन र पर्यावरणमा देखिएको त्रासदीलाई सुधार्न यसबाहेक अर्को विकल्प छैन ।

**हरित साम्राज्यवाद के हो ?**

सन् १९४७ देखि सन् १९४८ सम्म चलेको इजरायलको 'स्वतन्त्रता सङ्ग्राम' लाई प्यालेस्टिनीहरू नक्बा भन्छन् । त्यो 'सङ्ग्राम' को अन्त्यतिर यहुदी जातिवादी नेताहरूले तुरुन्तै परमाणु विज्ञान कार्यक्रम अघि बढाए । त्यसको उद्देश्य भर्खर बनेको इजरायलको गठ्ठाघरमा आणविक हतियार जम्मा गर्नु थियो । त्यसमा आशङ्का जाहेर गर्दा आणविक ऊर्जा इजरायलको हरित रूपान्तरण नीतिको भाग हुने छलकारी तर्क दिइयो । यो नीति बनेको धेरै भएको छैन र ऊसँग परमाणु टुक्र्याउने भट्टी छैन ।

नकाब (नेगेभ) मरुभूमि युरेनियम खनिजमा धनी छ । त्यसकारण, पनि रैथाने प्यालेस्टिनी जनतालाई यहुदी राष्ट्रिय कोषको वृक्षरोपण कार्यक्रमको आडमा बाहिर खेदेपछि यो मरुभूमि आणविक हतियार उत्पादनको मुख्य अड्डा बन्यो । यो कुनै खुफिया गतिविधि थिएन किनभने इजरायलसँग आफ्नै प्रविधि र विज्ञ थिएनन् । आफ्नै ढङ्गले विकास गर्नका लागि इजरायल आत्मनिर्भर थिएन । यद्यपि, संरा अमेरिकाले इजरायली आणविक कार्यक्रमबारे केही थाहा नपाएझैं गऱ्यो । यता फ्रान्सले भने आणविक हतियारको निर्माणमा इजरायललाई प्रत्यक्ष सहयोग गऱ्यो । पश्चिमा ढाकछोप र अलमलले इजरायलाई आणविक अप्रसार सन्धि छल्न सहयोग गऱ्यो । पश्चिमा साम्राज्यवादकै छत्रछायाका कारण इजरायल आणविक क्रियाकलाप नियमन गर्ने अन्तर्राष्ट्रिय एजेन्सीहरूको पर्यवेक्षणबाट पनि जोगियो ।

एउटा भनाइ नै छ । इजरायलसँग अन्तर्राष्ट्रिय सङ्घसंस्था र नियम-कानुनले छुन नसक्ने आणविक भन्डार छ । यो सानोतिनो कुरा होइन बरु इजरायली विशेषता नै हो; भिमकाय पुँजीवादी विश्व चिहाउने सानो आँखीझ्याल हो । यसमा व्यापारिक स्वार्थ, प्राविधिक एकाधिकार र राजनीतिक चालबाजी एक ठाउँ आएको देख्न पाइन्छ । यसको इतिहास केलाउँदै जाँदा अटोमन साम्राज्यको युगसम्म पुगिन्छ, जतिबेला बेलायती उपनिवेशवादीहरूले प्यालेस्टिनमा आँखा गाडेका थिए । बेलायती उपनिवेशवादीहरूले युरोपका यहुदीवादीहरूलाई अलग्गै देश दिने वाचा गरेर बाल्फोर घोषणा गरे । सन् १९३६-१९३९ को प्यालेस्टिनी क्रान्तिमाथि दमन गर्दा दुवै सँगै थिए । तिनीहरूले इजरायली हतियार उद्योगलाई नि:सर्त सैन्य सहयोग गरिरहे । तिनका कुकर्मको विरोध गर्नेहरूलाई दुष्ट देखाएर जातिसंहारको बचाउ गरिरहे । बेलायती शासक खलकलाई पछि अमेरिकी र युरोपका उसका भरौटे शासकहरूले विस्थापित गरे । यिनीहरूले सदैव इजरायललाई आफ्नो आर्थिक र भूराजनीतिक दबदबाको पहरेदार मान्दै आएका छन् ।

**१. औपनिवेशिक मोर्चाको औद्योगीकरण**

एक्काइसौं शताब्दी आउनै लाग्दा उन्नत प्रविधि उद्योगमा वित्तीय पुँजीको भेल आयो । यसले संरा अमेरिकाको प्राविधिक नगरी सिलिकन उपत्यका झिलिमिली भयो । त्यहाँ उद्यमशीलता र विज्ञतन्त्रको अचाक्ली भावना पाइन्छ । त्यो मुक्तिकामी भावनाको जरा 'असभ्य जातिलाई रताउने' अमेरिकी पुँजीवादको पुरानो रोगसँग जोडिएको छ । अमेरिकामा बसोबासी उपनिवेशवाद थियो र त्यसको झल्को आधुनिक क्यालिफोर्नियामा पनि पाइन्छ । यो सोचले प्रकृतिलाई बाँझो ठान्छ अनि त्यसमा मानव बुद्धिको प्रयोगबाट सम्पदा दोहन गरिनुपर्ने मान्छ । यसमा उन्नत प्रविधिका लागि हुने अनुसन्धान र विकासरूपी विज्ञान काम आउँछ भन्नेअमेरिकी धारणा हो । सिलिकन उपत्यकामा आएको पैसाको भेल सट्टा बजारमा अल्झियो र अस्थिर बन्यो । तैपनि, विश्वका शासक वर्गले उन्नत प्रविधिको पुँजी हात पारे र केही ठोस उपकरणको पनि उत्पादन गरे । दसकौँसम्म इजरायलले पश्चिमा आडभरोसामा विकास गरिरह्यो । तर, सन् १९६० को दशकको अन्त्यतिर आएर उसले आफूलाई 'स्टार्टअप राष्ट्र' भन्न थाल्यो । आफ्ना प्राविधिक उपलब्धिहरूको हर्षबढाइँ गर्दै अमेरिकामा सक्रिय इजरायली लबीका मान्छेहरूले अमेरिकी स्रोतालाई 'विकास' अर्थ सिकाए, "कृषि, कपडा उत्पादन र खनिज निर्यातमा आधारित अर्थतन्त्रबाट सुरु गरेर इजरायल उच्च प्रविधि निर्यात गर्ने देश बनेको छ । यसको थालनी सरकारी र निजी प्रतिरक्षा उद्योगबाट भएको थियो । आइएआइ (इजरायली उड्डयन उद्योग), रेफाइल (हतियार प्राधिकरण), एल्बिट, तादिरान, एल-अप र एल्टा यिनै उद्योग हुन् । यिनै उद्योगले विद्युतीय प्रतिरक्षा उपकरण उत्पादन गर्ने प्रविधि बनाएका थिए । यी उपकरण इजरायली प्रतिरक्षा बल (आइडिएफ) को प्रयोगका लागि निर्माण गरिएका थिए । इजरायलका 'लडाइँमा परीक्षण भएका' उत्पादनको मागले गर्दा प्रतिरक्षाजन्य उत्पादन निर्यात गर्ने उद्योगको विकासमा टेवा पुग्यो । इजरायली उच्च प्रविधि निर्यातको ठुलो हिस्सा यिनै उपकरणले ओगटेका छन् । साथै, प्रतिरक्षा उद्योगले प्रयोग गर्ने प्रविधिलाई नै पछि फस्टाउँदो आम इलेक्ट्रोनिक उद्योगहरूले प्रयोग गर्न थाले ।"

इजरायली अर्थतन्त्र युद्ध र दमनले बनेको हो भन्नु अतिरञ्जना होइन । त्यस्तै अर्को सत्य पनि छ । इजरायली विज्ञान, प्रविधि र औद्योगीकरणको जग मध्यपूर्व, उत्तर अफ्रिका र विश्वभरि पश्चिमी देशहरूको स्वार्थरक्षा गर्ने मूल उद्देश्यले हालिएको हो । यसका तीन पक्ष छन् । पहिलो, इजरायललाई उसकै हतियार उद्योगवरिपरि रहेर औद्योगीकरण गरेको खण्डमा उसलाई दिइरहनुपर्ने ठुलो सैन्य सहयोगको खर्च घट्ने र इजरायलका छिमेकीलाई पनि खुसी पार्न सकिने हुन्थ्यो । दोस्रो, इजरायललाई हतियार र अन्य दमनकारी प्रविधि निर्यात गर्ने देश बनाउँदा पश्चिमा शासक वर्गको फोहरी कर्म ढाकछोप हुने थियो । पहिलेको रोडेसिया, पिनोचेको चिली, मार्कोसको फिलिपिन्स र आज मोदीको भारत सबैतिर नवउपनिवेशवादी सत्ताले पश्चिमाहरूलाई आफ्नै देश र जनतालाई लुट्न स्वागत गरेका थिए । यी सबै घटनामा इजरायल विद्रोह दबाउने तालिम तथा हतियार आपूर्तिको केन्द्र रह्यो । तेस्रो, आर्थिक र प्राविधिकरूपमा उन्नत इजरायलले विकासमुखी विचारधारा प्रसार गऱ्यो । पुँजीवादी शोषणका पीडितहरूलाई स्रोतसाधन उपयोगको रणनीतिलाई सही ढङ्गले प्रयोग गर्न विफल भएको दोष लगाइन्छ । त्यसैगरी, साम्राज्यवादी लुटका सिकार भएका देशलाई पिछडिएको आक्षेप लगाइन्छ । यहाँ पिछडिएको भनेर 'जातीय वा सांस्कृतिकरूपमा तुच्छ' भन्न खोजिएको हो । यसरी पश्चिमा जगतले ती देशमाथिको आफ्नो नियन्त्रण तथा 'सैन्य' कब्जालाई उचित ठहऱ्याउँछन् ।

सारमा, इजरायल अमेरिकी साम्राज्यवादकै हाँगाबिँगा हो । इजरायल 'पश्चिमा शक्तिको खाँटी अभिव्यक्ति हो । यसले सैन्यवाद, साम्राज्यवाद, बसोबासी उपनिवेशवाद, विद्रोहसमन, कब्जा, जातिवाद, वैचारिक पराजयको प्रसार, अकुत नाफादायी युद्ध र उच्च प्रविधिको विकासलाई विध्वंस, हत्या र गञ्जागोल मिश्रित भयावह दैत्यसँग जोड्छ ।

***स्रोत : 'साइन्स फर द पिपल' बाट***

***अनुवाद : सम्यक***

# इतिहासमा बाँचेका तीन दिन


✍ नीरज

शान्सी (Shanxi) प्रान्तको फिङ्याओ (Pingyau) प्राचीन नगर पुग्दा केही दिनअघि परेको हिउँ अझै पुरै पग्लिसकेको थिएन । शान्सी प्रान्तको राजधानी थाइयुआन (Taiyuan) जान हिँडेको तेजगतिको रेलबाट फिङ्याओ स्टेसन निस्कँदा चिसो हावाले स्वागत गरे पनि त्यो दिन मिठो घाम लागेको थियो । बिहान सखारै छङतुबाट थालेको यात्रा सिआन (Xian) हुँदै फिङ्याओ पुग्दा दिन ढल्किने तरखरमा थियो । स्टेसनबाट निस्कँदै गर्दा चाओ (Chao) मलाई लिन सडकमा देखापरिसकेका थिए ।

छङतुबाट सिआनसम्मको बाटो पहाडैपहाड, जङ्गल र खोलानालाको बाटो थियो । एकतमासले दौडिरहेको रेल पहाड आउनासाथ सुरुङ मार्गभित्र छिरिहाल्थ्यो । एउटा सुरुङ मार्गबाट निस्कन नपाउँदै लगत्तै अर्को सुरुङमार्ग भित्र पसिहाल्थ्यो । कहिलेकाहीँ केही बेर देखिने जङ्गल, खहरे खोला र पहाडका थुम्काहरूले भने नेपालकै कुनै पहाडी जिल्लाको यात्रा गरिरहेको अनुभव दिलाइरहेको थियो । कुनै दिन कर्णाली प्रदेशमा तेजगतिको रेल चलेमा त्यहाँ गरिने यात्रा यस्तै हुने कल्पना गर्छु । तर, सिआन सहरबाट उँभो शान्सी (Shanxi) प्रान्तको भूगोल भने उदेकलाग्दो देखिन्थ्यो । हिउँ परिरहने ठाउँ भएकोले फेब्रुअरीको यो जाडोमा कतै हरियो परियो देखिएको थिएन । टाढाटाढासम्म फैलिएका फाँट कुनै मरुभूमिजस्तै देखिन्थ्यो । तथापि, किसानहरूले मिलेसम्मका खेतमा केही न केही रोपेको देखिन्थ्यो । चिसो र हिउँबाट जोगाउन प्लास्टिकका ठुलठुला सुरुङ बनाएर खेती गरिएका धेरै बस्तीका दृश्य पनि रेलबाट देखिन्थ्यो ।

प्राचीन नगर फिङ्याओको संस्कृति र जीवनलाई अझ नजिकबाट बुझ्ने हेतुले मित्र चाओले हाम्रो लागि नगरभित्रै एउटा होटलमा बस्ने प्रबन्ध मिलाएका थिए । चारैतिर पर्खालबाट घेरिएको फिङ्याओ नगरभित्र पस्दा कुनै ऐतिहासिक चिनियाँ चलचित्रको दृश्यभित्र पसेजस्तै अनुभूति भएको थियो ।

ढुङ्गा छापेको सडक, बढीमा साढे एक तल्ला नत्र एक तल्लाका ढुङ्गे घर, झिङ्गटी छाएका छाना, मौलिक चिनियाँ वास्तुकला, पाइलैपिच्छे भेटिने मन्दिर र ऐतिहासिक स्मारकहरू, अनेक थरी स्थानीय विशेषताका उत्पादनको बिक्री भइरहेका पसलहरू । यो वर्णन लेख्दै गर्दा मलाई आफ्नै गृहनगर भक्तपुरको वर्णन गरिरहेजस्तो लागिरहेको छ । तर, यो वर्णन शान्सी प्रान्तको प्राचीन संरक्षित नगर फिङ्याओको हो । २०७२ सालको भूकम्पपश्चात् नेपालका प्राचीन र सांस्कृतिक नगरका स्वरूप बदलिए । पुराना शैलीका घर भत्किएपछि मानिसहरूले ढलान घर बनाए । झिङ्गटीका छाना देखिन छोड्यो । बरु हिजोआज कौसी कौसीमा काला र हरिया रङ्गका पानीका ट्याङ्की देखिन्छन् । फिङ्याओ भने आजभन्दा दुई तीन दशकअघिको भक्तपुर, काठमाडौं र ललितपुरका पुराना प्राचीन बस्तीहरूजस्तै देखिन्छ ।




फिङ्याओ नगरको ढोकाभित्र छिर्दा हामी प्राचीन इतिहासको कुनै कालखण्डमा प्रवेश गरेझैं स्वैर कल्पना भइरहेको थियो ।

रात बित्दै गर्दा फिङ्याओमा चिसो पनि बढ्दै थियो । तर, फिङ्याओको कलेवर भने झन्झन् जीवन्त र रङ्गिन बन्दै थियो । जतिजति रात पर्छ, उतिउति सुन्दर र चहकिलो हुने सहर नै खासमा जीवन्त सहर हो । फिङ्याओ होटलमा आफ्ना झोला झम्टा बिसाएर नगर शयर गर्न निस्कँदा झमक्क साँझ परिसकेको थियो । अर्थात्, फिङ्याओ आफ्नो चहकिलो रात्रि आभूषणले चिटिक्क परिसकेकी थिइन् ।

फिङ्याओको ब्यस्त बजारमा हिँड्दाहिँड्दै चाओले मलाई सोधे, नीरज, तिमीलाई कतिको भोक लागेको छ ? अब एक घण्टा भोक थाम्न सकिने अवस्था छ कि छैन ?

फिङ्याओको सुन्दर कायाले मोहित भइसकेको मलाई खाना खान कुनै हतार थिएन, न त होटलमा गएर कति बेला निदाउँ जस्तै नै लागेको थियो ।

हरेक दिन फिङ्याओको दक्षिण ढोकामा त्यो प्राचीन नगरको ऐतिहासिकता झल्काउने विशेष वृत्तचित्र नगरको पर्खालमा देखाइने रहेछ । खाना केही समयको लागि थाती राखेर हामी हतार हतार दक्षिण ढोकातिर लाग्यौं । हजारौंको सङ्ख्यामा मानिसहरू वृत्तचित्र हेर्न ठुलो चौरमा जम्मा भइसकेका रहेछन् । भक्तपुरको बिस्का जात्रामा मानिसहरू योसिंख्योमा योसिंचो उठाएको हेर्न भेला भएजस्तै मानिस ढुङ्गा छापिएको चोकमा भेला भएका थिए । दक्षिण ढोकाको अग्लो पर्खाललाई स्क्रिन बनाएर देखाएको वृत्तचित्र झन्डै बीस मिनेटको थियो । त्यति अवधिमा सिङ्गो फिङ्याओको इतिहास र सांस्कृतिक गरिमा झल्काउने भव्य वृत्तचित्र प्रदर्शन भयो । हजारौं मानिसबिच प्रकाशको प्रतापबाट देखाइएको वृत्तचित्र सकिएको मेसै पाएनौं ।

फिङ्याओ नगर २७ सय वर्षभन्दा लामो इतिहास बोकेको चिनियाँ प्राचीन नगर हो । यो नगर सन् १९२० को दशकसम्म सिङ्गो चीनको आर्थिक तथा वित्तीय केन्द्र थियो । चाओ भन्दै थिए, यो त चीनको कुनै बेलाको 'वालस्ट्रिट' ( अमेरिकाको वित्तीय केन्द्र) हो नि ।

चीनमा सबभन्दा पहिला बैङ्कको विकास यही ठाउँमा भएको थियो । यहाँका बैङ्कहरूले लामो लामो यात्रामा व्यापारको निम्ति जाने व्यापारीहरूलाई फिङ्याओमा पैसा जम्मा गरेर अर्को सहरको शाखाबाट पैसा निकाल्न सक्ने सेवा दिन्थ्यो । त्यसो गर्दा एकातिर यातायातको राम्रो विकास भइनसकेको समयमा लामो बाटोमा पैसाको भारी ( उति बेलाका धातु मुद्रा ओसारपसार गर्न निकै सकस हुन्थ्यो) बोक्नुपर्थेन भने अर्कोतिर बाटोमा प्रायश: भइरहने डकैतीबाट धन जोगाउन सकिन्थ्यो ।

चीनको सबभन्दा पहिलो बैङ्क सञ्चालन भएको घरलाई अहिले भने सङ्ग्रहालय बनाइएको छ जहाँ दैनिक हजारौं मानिस इतिहासको त्यो आर्थिक केन्द्र हेर्न र उत्तिबेलाको वित्तीय कारोबार बुझ्न जान्छन् ।

आर्थिक कारोबार र सुरक्षा नि:सन्देह अन्योन्याश्रितरूपमा गाँसिएका विषय हुन् । सुरक्षा प्रबन्ध राम्रो भएको ठाउँमा आर्थिक गतिविधि सघन बनाउन सहज हुन्छ । फिङ्याओ आर्थिक केन्द्र बनेसँगै त्यहाँका धेरै युवाहरू सुरक्षा व्यवस्थाको काममा लागे । समयान्तरमा त्यो काम सुरक्षा कम्पनीको रूपमा विकास भयो । उत्तरमा मंगोलिया हुँदै रुससम्म र दक्षिणमा छङतु अनि पेइचिङ, साङ्घाई, सिनचियाङसम्म व्यापारीका मालतालको सुरक्षा गर्न र ओसारपसार गर्न फिङ्याओका ती बलिया सुरक्षाकर्मीहरू खटिन्थे । सयौंको सङ्ख्यामा घोडाका बग्गीमा ती मानिसहरूले व्यापारीका सामान ओसारपसार गर्थे । कति फर्कन्थे, कति भने फर्किन्थेनन् ।

सुरक्षा उद्योगको विकाससँगै फिङ्याओमा शारीरिक आत्मरक्षाका विविधकला र सीपको पनि विकास भयो । सुरक्षा उद्योगको लागि आवश्यक पर्ने जनशक्ति तालिम दिने केन्द्रहरू त्यहीँ खोलिए । अनि सुरक्षाको लागि आवश्यक हातहतियारको पनि विकास हुँदै गयो ।





फिङ्याओका चोकचोकमा मार्सल आर्टका तालिम चल्थे, युवाहरू आफ्नो कला र क्षमता देखाउन अनेक हातहतियारसहित प्रतिस्पर्धा गर्थे । तिनै युवाहरू व्यापारीका सामानको सुरक्षा गर्न चीनको लामो लामो यात्रा गर्थे । यसरी फिङ्याओमा चीनका अनेक प्रान्त र विभिन्न देशबाट पनि व्यापारीहरू आउने जाने चलिरहन्थ्यो । जसले प्राचीनकालदेखि नै यो नगरलाई जीवन्त नगर बनाएको थियो ।

दक्षिण ढोकाको मुखैमा बिछ्याइएको ढुङ्गामा परेको खाल्डो देखाउँदै चाओ भन्दै थिए, "घोडाका बग्गी लगातार आउने जाने भइरहन्थ्यो । ऊ हेर, बग्गीका पाङ्ग्राले ढुङ्गामा पारेको खाल्डो ।"

फिङ्याओ क्षेत्रफलको हिसाबले त्यत्ति ठुलो नगर होइन । तथापि, चाओ भन्दै थिए, मानिसहरू कम्तीमा पाँच दिन यहाँ बसेर फिङ्याओलाई पूरै बुझ्ने प्रयास गर्छन् । फिङ्याओ नगर कार्यालयले दिएको पर्यटक पुस्तिकामा उल्लेख कम्तीमा २०,२५ ठाउँ राम्ररी घुम्न पाँच दिनमा पनि मुस्किल होला । हामी पाँचै दिन फिङ्याओमा बस्न सक्ने अवस्थामा थिएनौं । बढीमा तीन दिनमा हामीले सबै प्रमुख ठाउँ घुम्ने निधो गर्यौं ।

नगरभित्रका ती तोकिएका ठाउँ जान चिनियाँ वा विदेशी सबैले टिकट लिनुपर्थ्यो । १२० युआनको एउटा टिकटले ती सबै ठाउँमा जति दिन लगाएर घुमे पनि हुने व्यवस्था गरिएको थियो ।

जुनसुकै ठाउँमा जाँदा पनि त्यो ठाउँको बारेमा व्याख्या गर्ने केही युवाहरू उपलब्ध थिए । उनीहरूले हरेक ठाउँको कम्तीमा दुई घण्टा लगाएर व्याख्या गर्थे । सम्बन्धित ठाउँको विषयमा उनीहरूको जानकारी कुनै विशेषज्ञको भन्दा कम हुन्थेन । उनीहरूले इतिहास बनिसकेका सबै कुरालाई आजको समयसँग मिलाएर कथा भनेजस्तै कुरा सुनाउँथे । बिनाव्याख्या ती ठाउँहरूको अवलोकनले मात्र तिनको जीवन्तता अनुभव गर्न सकिन्न । आफ्ना स्कूले छोराछोरीलाई इतिहासका ती कथा सुनाउन कति चिनियाँ आमाबुबा तिनै युवा व्याख्याताहरूको सहायता लिइरहेका थिए ।

सामान्यत: नेपालमा विदेशी पर्यटकले मात्र कुनै पनि ठाउँको भ्रमण गर्दा व्याख्याता (गाइड) राख्ने चलन छ । अझ हाम्रो बुझाइमा त गाइड भनेको शाब्दिक हिसाबले पनि बाटो देखाउने पथप्रदर्शकमात्र हो । तर, खासमा उनीहरूलाई बाटो देखाउने पथप्रदर्शकभन्दा पनि व्याख्याता (क्युरेटर) को अर्थमा बुझ्नु उपयुक्त हुन्छ । स्वदेशीहरूलाई बाटो देखाउनु नपर्ने र भाषा पनि जान्ने भएकोले गाइड पनि चाहिँदैन भन्ने हाम्रो सोचाइ अपूर्ण छ । बाटो र भाषा जान्दैमा सबैलाई सबै ठाउँको इतिहास र महत्त्व थाहा हुन्छ भन्ने होइन । त्यसकारण, चीनका विभिन्न सङ्ग्रहालय र पर्यटकीय स्थलमा स्वदेशी होस् वा विदेशी, जो कोही पनि उत्सुक पर्यटकले आफू घुम्न पुगेको ठाउँबारे गहिरो जानकारी लिन 'क्युरेटर' को सेवा लिने गर्छन् । यसबाट लाखौं युवाहरूले रोजगारी पाइरहेका छन् । ती युवाहरू वास्तवमै आफ्नो क्षेत्रका विज्ञहरू नै हुन् ।

हाम्रो स्थानीय सरकारले पनि यसरी आफ्नो क्षेत्रमा रहेका ऐतिहासिक क्षेत्रको व्याख्या गर्न नेपाली र विदेशी भाषा जानेका तालिमप्राप्त विज्ञ युवाहरू उपलब्ध गराउन सके ऐतिहासिक स्थलको भ्रमण मन्दिरका छाना र घण्टा नियाल्नुमा मात्र सीमित नहोला । त्यो आफैं पनि इतिहास र समाजको प्रभावकारी कक्षा हुनसक्छ । नयाँ पुस्तालाई इतिहास बोध गराउन यो ज्यादै राम्रो तरिका हुनसक्छ । नेपाल घुम्न नेपालीलाई व्याख्याताको खाँचो पर्दैन भन्ने सोच सही होइन । आफैं आँगनको मन्दिर र चोकबारे हामीलाई कति इतिहास थाहा हुँदैन ।

तीन दिनको बसाइँमा हामीलाई दसवटा पर्यटकीय केन्द्र घुम्न पनि मुस्किल पर्यो । तर, जति ठाउँ घुम्यौं इतिहासको कुनै गहिरो पाठ पढेर फर्केजस्तो अनुभव गर्यौं । कसरी फिङ्याओका व्यापारीहरूले चिनियाँ इतिहास र राजनीतिक परिवर्तनमा भूमिका खेले भन्ने कुरा पनि त्यहाँको उद्योग वाणिज्य सङ्घको सङ्ग्रहालय घुम्दा बुझियो । फिङ्याओका सुरक्षाकम्पनीहरूले कसरी काम गर्थे र कस्ता हातहतियार प्रयोग गर्थे, कस्ता सुरक्षा तालिम दिइन्थ्यो भन्ने कुरा त्यहाँका सङ्ग्रहालयहरू घुम्दा बोध भयो । कुनै बेला फिङ्याओकै सबभन्दा धनी मानिसको ठुलो दरबार भने अहिले सङ्ग्रहालयमा परिणत गरिएको छ ।

नगरलाई सांस्कृतिक स्वरूप दिन स्थानीय सरकारले गर्न सक्ने सबै उपाय लगाएको देखिन्थ्यो । चीनको परम्परागत पहिरन लगाएर फिङ्याओ नगर डुल्ने सयौं महिलाहरूले नगरलाई अझ परम्परागत स्वरूप दिइरहेको थियो । चिनियाँ युवती र अधबैंसे महिलाहरू त्यहाँका सौन्दर्य पसलमा कोरीबाटी चिटिक्क पारी परम्परागत पोशाक लगाएर घुमिरहेको देख्दा काठमाडौं,

बाँकी पृष्ठ ७ मा




दक्षिण अमेरिकी देश अर्जेन्टिनाको राजधानी ब्युनर्स आयर्समा दक्षिणपन्थी राष्ट्रपति ह्याभियर मिलेइको सरकारले गरेको सार्वजनिक विश्वविद्यालयहरूमा बजेट समायोजनको विरोधमा मार्च २३, २०२४ मा निकालिएको विशाल विरोध प्रदर्शन । अर्जेन्टिनाका हजारौं विश्वविद्यालयका विद्यार्थीहरू मङ्गलबार सडकमा उत्रिएर उच्च सार्वजनिक शिक्षा, अनुसन्धान र विज्ञानमा बजेट कटौतीको विरोध गरेका थिए ।

*तस्बिर : इमिलियानो लासाल्भिया/एएफपी*

# चीनको जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गरिने

जिउक्वान (चीन), २४ अप्रिल (सिन्हुवा) । सेनझोउ-१८ का अन्तरिक्ष यात्रीले चीनको अन्तरिक्ष स्टेसनमा आफ्नो छ महिनाको बसाइँमा विभिन्न अन्तरिक्ष विज्ञान र अनुप्रयोग परीक्षण तथा प्रयोगका साथै धेरै अन्तरिक्ष पदयात्रा गर्ने चीन मानव अन्तरिक्ष एजेन्सी (सीएमएसए) ले बुधबार पत्रकार सम्मेलनमार्फत घोषणा गरेको छ ।

सेनझोउ-१८ चालक दलसहितको अन्तरिक्ष यान चीनको जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गर्ने तालिका छ ।

चालक दलले सूक्ष्म गुरुत्वाकर्षण, अन्तरिक्ष सामग्री विज्ञान, अन्तरिक्ष जीवन विज्ञान, अन्तरिक्ष चिकित्सा तथा अन्तरिक्ष प्रविधिमा आधारित आधारभूत भौतिक विज्ञानका क्षेत्रमा ९० भन्दा बढी प्रयोग गर्नका लागि वैज्ञानिक प्रयोग क्याबिनेट र 'एक्स्ट्राभेहिकुलर पेलोड' को प्रयोग गर्ने सिएमएसएका उपनिर्देशक लिन सिकियाङले जानकारी दिनुभयो ।

एक्स्ट्राभेहिकुलर पेलोड वातावरणीय सुरक्षा, गतिशीलता, जीवन प्रदान गर्ने एक स्वतन्त्र एन्थ्रोपोमोर्फिक स्पेस सूट हो ।

मिसन अवधिमा देशको पहिलो इन-अर्बिट जलीय पर्यावरण अनुसन्धान परियोजना कार्यान्वयन गरिनेछ । 'जेब्राफिस' र 'गोल्डफिश' अल्गीको प्रयोग गरेर कक्षामा 'सेल्फ-साइक्लिङ एक्वाटिक इकोसिस्टम' स्थापना गर्ने परियोजनाले अन्तरिक्षमा कशेरुकाको खेतीमा सफलता हासिल गर्ने लक्ष्य राखेको उपनिर्देशक लिनले बताउनुभयो ।

उहाँले बिरुवाको स्टेम टिप्समा संसारको पहिलो इन-अर्बिट स्टेम सेल अध्ययन गुरुत्वाकर्षणमा बिरुवाको विकासवादी अनुकूलनको संयन्त्र प्रकट गर्न र अन्तरिक्ष बालीका लागि सैद्धान्तिक समर्थन प्रदानका लागि गरिने बताउनुभयो ।

सेनझोउ-१८ अन्तरिक्ष यात्रीले दुईदेखि तीनवटा एक्स्ट्राभेहिकुलर (इभिए) गतिविधि सञ्चालन गर्ने र स्टेसनको कार्गो एयरलक मोड्युलमार्फत छ वटा कार्गो आउटबाउन्ड डेलिभरी कार्यान्वयन गर्नेछन् । एयरलक एउटा स्टेसन मोड्युल हो जसले अन्तरिक्ष स्टेसनमा प्रवेश गर्ने र बाहिर निस्कने स्थानको रूपमा कार्य गर्दछ ।

तीनवटा बाह्य गतिविधि सञ्चालन गर्ने समयमा अन्तरिक्ष यात्रीले बाहिरी पाइपिङ, केबल र महत्त्वपूर्ण उपकरणका लागि अन्तरिक्ष मलबा रहेका फोहर सुरक्षा सुदृढीकरण स्थापना गर्ने र अन्तरिक्ष स्टेसनको सुरक्षालाई थप सुरक्षित गर्नका लागि उपयुक्तरूपमा बाह्य निरीक्षण पूरा गर्ने लिनले जानकारी दिनुभयो ।

# अमेरिकामा टिकटकमाथि प्रतिबन्ध लगाउने विधेयक काङ्ग्रेसद्वारा पारित

वासिङ्टन, २४ अप्रिल (एएफपी) । अत्यन्त लोकप्रिय सामाजिक सञ्जाल एप टिकटकलाई यसको चिनियाँ मूल कम्पनी बाइटडान्सबाट अलग गर्न वा अमेरिकी बजारबाट बन्द गर्नुपर्ने कानुनलाई अमेरिकी सिनेटले मङ्गलबार अनुमोदन गरेको छ ।

यो कदम ९५ अर्ब डलरको विदेशी सहायता प्याकेजको हिस्सा थियो । उक्त प्याकेजमा युक्रेन, इजराइल र ताइवानलाई सैन्य सहायता पनि समावेश थियो । यसलाई अहिले काङ्ग्रेसले अनुमोदन गरेको छ र प्रमाणीकरणका लागि राष्ट्रपति जो बाइडेनको डेस्कमा पुगेको छ ।

अमेरिका र अन्य पश्चिमी अधिकारीहरूले युवामाझ टिकटकको लोकप्रियताप्रति चिन्ता व्यक्त गर्दै यसले पेइचिङलाई डाटा सङ्कलन गर्न र प्रयोगकर्ताहरूमाथि जासुसी गर्ने अनुमति दिने आरोप लगाएका छन् । अमेरिकामा मात्र यसको प्रयोगकर्ताको सङ्ख्या १७ करोड रहेको छ ।

आलोचकहरूले टिकटक पेइचिङको अधीनमा रहेको र गलत प्रचार फैलाउने माध्यम भएको बताएका छन् । चीन र कम्पनीले ती दाबीहरूको कडारूपमा खण्डन गरेका छन् ।

कुनै पनि कम्पनीलाई अमेरिकी बजारमा सञ्चालन गर्नबाट रोक लगाउन दुर्लभ कदम चाल्न सक्ने उक्त विधेयक प्रतिनिधिसभाले बलियो द्विदलीय (डेमोक्रेट र रिपब्लिकन) समर्थनका साथ पारित गरेको तीन दिनपछि सिनेटले १८ का विरुद्ध ७९ मतले पारित गरेको थियो ।

राष्ट्रपति बाइडेनले कानुनमा हस्ताक्षर गर्ने बताउनुभएको छ । उहाँले यसै महिनाको प्रारम्भमा चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको दुर्लभ टेलिफोन वार्तामा टिकटकका बारेमा आफ्नो चिन्तालाई दोहोऱ्याउनुभएको थियो ।

शनिबार सदनमा मतदान भएपछि टिकटकले गुनासो गर्दै कानुन निर्माताहरूले १७ करोड अमेरिकीको स्वतन्त्र अभिव्यक्तिलाई कुल्चिने, ७० लाख व्यवसायलाई ध्वस्त पार्ने र अमेरिकी अर्थतन्त्रमा वार्षिक २४ अर्ब डलरको योगदान गर्ने प्लेटफर्म बन्द गर्ने प्रतिबन्धित विधेयकलाई अवरोध पार्ने कोसिस गर्नु 'दुर्भाग्यपूर्ण' हो भनेको छ ।

विधेयकअन्तर्गत बाइटडान्सले एक वर्षभित्र एप बिक्री गर्नुपर्ने छ वा अमेरिकामा एप्पल र गुगलको एप स्टोरहरूबाट बाहिरिनुपर्नेछ ।

पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पअन्तर्गत अमेरिकी अर्थमन्त्रीका रूपमा काम गर्नुभएका स्टिभन मेनुचिनले आफू टिकटकलाई अधिग्रहण गर्न इच्छुक रहेको भन्दै लगानीकर्ताहरूको समूह भेला गर्नुभएको छ ।

टिकटक वर्षौंदेखि अमेरिकी अधिकारीहरूको निशानामा परेको छ । अधिकारीहरूले उक्त प्लेटफर्मले पेइचिङलाई अमेरिकामा यसको प्रयोगकर्ताहरूको जासुसी गर्न अनुमति दिएको बताएका छन् । यद्यपि, प्रतिबन्धले मुद्दा चलाउन सक्छ ।

काङ्ग्रेसले पारित गरेको विधेयकले शत्रु मानिएको मुलुकद्वारा नियन्त्रित भएमा अमेरिकी राष्ट्रपतिलाई राष्ट्रिय सुरक्षाका लागि खतराका रूपमा अन्य आवेदनहरू तोक्ने अधिकार दिन्छ ।

सामाजिक सञ्जाल एक्सका अर्बपति मालिक एलन मस्कले शुक्रबार टिकटकमाथि प्रतिबन्ध लगाइएको विरोध गर्दै भन्नुभयो, "यस्तो गर्नु वाक र अभिव्यक्ति स्वतन्त्रताको विपरीत हुनेछ ।"

# सन् २०२५ सम्म जलवायु कार्यका लागि विश्वव्यापी नेता परिचालन

संयुक्त राष्ट्रसङ्घ, २४ अप्रिल (सिन्हवा) । संयुक्त राष्ट्रसङ्घले मङ्गलबार क्लाइमेट प्रोमिस २०२५ (जलवायु प्रतिज्ञा २०२५) पहल सुरु गरेको छ । यो पेरिस सम्झौतामा निर्धारित तापक्रमलाई एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा बढी बढ्नबाट रोक्नका लागि संयुक्त विश्वव्यापी प्रयास हो ।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस र संयुक्त राष्ट्रिय विकास कार्यक्रमको नेतृत्वमा पहलले सामाजिक सञ्चारमाध्यमका प्रभावशाली व्यक्तिहरू, आदिवासी नेता तथा प्रमुख निगमहरूसहितको सहभागीहरूको एउटा विविध समूहलाई सङ्गठित गर्दछ । यस फराकिलो पहलले महासचिव गुटेरेसको 'यो सबै विनाश निराशा होइन' भन्ने महत्त्वपूर्ण सन्देशलाई जोड दिन्छ ।

"धेरै मुलुकमा जलवायु कार्यमा थप महत्त्वाकाङ्क्षी कदम चाल्ने इच्छा छ तर त्यहाँ कुनै उपाय छ भनेर विश्वलाई परिचालन गर्न आवश्यक छ," 'सन् २०२५ सम्म एक दशमलव पाँचभन्दा तलको प्रक्षेपण' कार्यक्रममा गुटेरेसले भन्नुभयो ।

गुटेरेसले हालैको चरम मौसमी घटना र वैज्ञानिक प्रतिवेदनहरूलाई उद्धृत गर्दै चेतावनी दिनुभयो, "हामीले जे देखिरहेका छौं त्यो विपत्तिको पूर्वावलोकन मात्र हो, हामीले विश्वव्यापी तापक्रममा दीर्घकालीन वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियससम्म सीमित नगरेसम्म यसले प्रतीक्षा गरिरहने छ ।"

महासचिवले भन्नुभयो, "एक दशमलव पाँच डिग्री सेल्सियसको सीमा अहिले पनि सम्भव छ तर लामो समयसम्म होइन ।" उहाँले सबै मुलुकलाई विशेषगरी जी२० सँग आफ्ना प्रयासहरूलाई तीव्रता दिन आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "हामीलाई वित्त प्रवाह गर्न र जलवायु महत्त्वाकांक्षामा वृद्धिलाई सक्षम बनाउन यो वर्ष ठोस कदम चाल्न आवश्यक छ । संयुक्त राष्ट्रसङ्घ तपाईंलाई समर्थन गर्नका लागि एकजुट भइरहेको छ, कृपया अवसरको लाभ लिनुहोस्, आउनुहोस् मिलेर जलवायु कार्य योजनाहरूको आगामी चरण सार्थक बनाऔं ।"

# जापानको मानवरहित चन्द्रमा ल्यान्डर तेस्रो चन्द्र रातसम्म जीवित

टोक्यो, २४ अप्रिल (एएफपी) । जापानको चन्द्रमा ल्यान्डर आफ्नो प्रमुख कार्यपछि दुई साताको अर्को चिसो चन्द्र रातमा जीवित रहेपछि तेस्रोपटक बिउँझिएको मुलुकको अन्तरिक्ष एजेन्सीले बुधबार बताएको छ ।

आफ्नो अवतरण सटीकताका लागि 'मून स्नाइपर' भनिने स्मार्ट ल्यान्डर फर इन्भेस्टिगेटिङ मुन (एसएलआइएम) जनवरीमा चन्द्रमाको सतहमा आएको थियो । यसबाट जापान चन्द्रमामा सफ्ट अवतरण हासिल गर्ने पाँचौं मुलुक बन्यो ।

यद्यपि, कछुवा गतिमा चल्ने एउटा मिनी-रोभर बोकेको मानवरहित हलुका यो अन्तरिक्ष यान एउटा अस्पष्ट कोणमा उत्रिँदा उसको सौर्य प्यानल गलत दिशामा गयो ।

निराशावादी भविष्यवाणीहरूलाई बेवास्ता गर्दै फेब्रुअरीको अन्त्यमा पृथ्वीको करिब १४ दिनसम्म चल्ने चन्द्र रात समाप्त भएपछि अनुसन्धानलाई पुनर्जीवित गरिएको थियो ।

माइनस एक सय ३० डिग्री सेल्सियससम्मको न्यूनतम तापक्रमको सामना गरेपछि यसले गत महिनाको अन्त्यमा यो उपलब्धि दोहोऱ्यायो र नयाँ तस्बिरहरू पृथ्वीमा पठायो ।

जापान एयरोस्पेस एक्सप्लोरेसन एजेन्सी (जाक्सा) ले बुधबार यानले तेस्रोपटक बिउँझिएपछि परीक्षणसँग सञ्चार गर्न पुन: सफल भएको बताएको छ । सामाजिक सञ्जाल एक्समा जाक्साले उक्त ल्यान्डरबाट प्राप्त चन्द्रमाको सतहको एउटा तस्बिर पोस्ट गरेको छ ।

"एसएलआइएमले तीन रातसम्म जीवित रहेपछि आफ्नो मुख्य काम जारी राखेको छ," जाक्साले भनेको छ । यसअघि जाक्साले अन्तरिक्ष यानलाई कठोर चन्द्र रातका लागि डिजाइन नगरिएको बताएको थियो ।

"हामी एसएलआइएमको अवस्थाको सावधानीपूर्वक अनुसन्धान गर्न जारी राख्नेछौं र दिन र रातमा चन्द्रमाको वातावरणमा निर्भर गर्दै कुन भाग बिग्रने सम्भावना छ र कुन भाग बिग्रने सम्भावना कम छ भनेर स्पष्ट गर्नेछौं," जाक्साले भनेको छ ।

# लागुऔषधविरुद्धको युद्धमा अन्तर्राष्ट्रिय सहयोगको खोजीमा अफगानिस्तान

काबुल, २४ अप्रिल (सिन्हवा) । अफगानिस्तानको कार्यवाहक सरकारले अफगानिस्तानको उत्पादन र लागुऔषधमा यसको प्रशोधनलाई विश्वव्यापी समस्याको रूपमा वर्णन गर्दै मुलुकलाई लागुऔषधको खतराविरुद्ध लड्न मद्दत गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेको छ ।

आन्तरिक मामिला मन्त्रालयको काउन्टर-नार्कोटिक्स कार्यालयका प्रमुख मौलवी हसिबुल्लाह अहमदीले विश्वव्यापी समस्याका रूपमा लागुऔषध विरुद्धको लडाइँमा अन्तर्राष्ट्रिय समुदायको सहयोग आवश्यक रहेको बताउनुभयो ।

राजधानी काबुलको बाहिरी इलाकामा मङ्गलबार ठूलो मात्रामा अवैध लागुऔषध र लागुऔषध उत्पादनमा प्रयोग हुने वस्तुहरू जलाउने कार्यक्रममा अधिकारीले अन्तरिम सरकार देशमा लागुऔषधको खतराविरुद्ध लड्न कटिबद्ध रहेको बताउनुभयो ।

अफिम खेती, लागुऔषधको प्रशोधन र ओसारपसार विरुद्ध प्रशासनको दृढ सङ्कल्प देखाउन छ सय ३५ केजी हेरोइनसहित २० टनभन्दा बढी अवैध लागुऔषध सार्वजनिकरूपमा जलाइएको छ ।

कुनै समय अफगानिस्तानमा लागुऔषध खेती ९५ प्रतिशतले घटेको संयुक्त राष्ट्रसङ्घको लागुऔषध तथा अपराध कार्यालय (युएनओडिसी) ले एक प्रतिवेदनमा पुष्टि गरेपछि युद्धग्रस्त अफगानिस्तान क्रमश: लागुऔषधबाट मुक्त हुँदै गएको छ ।

कार्यक्रममा काउन्टर नोर्कोटिक्स प्रहरी मुफ्ती अहमदउल्लाह अहमदीले भन्नुभयो, "लागुऔषध नियन्त्रण प्रहरीले २२ हजारभन्दा बढी कारवाही गरेको र लागुऔषध कारोबारमा संलग्न रहेको आरोपमा नौ हजारभन्दा बढीलाई पक्राउ गरेको छ । प्रहरीले कारबाहीका क्रममा नौ सयभन्दा बढी लागुऔषध प्रयोगशाला र १३ हजार हेक्टरमा रहेको अफिम खेती नष्ट गरेको छ ।"

# अस्ट्रेलियाको मुद्रास्फीति दर ३.६ प्रतिशत

क्यानबेरा, २४ अप्रिल (सिन्हवा) । अस्ट्रेलियाको वार्षिक मुद्रास्फीति दर तीन दशमलव छ प्रतिशतमा झरेको अस्ट्रेलियन ब्युरो अफ स्ट्याटिस्टिक्स (एबिएस) ले बुधबार सार्वजनिक गरेको आधिकारिक तथ्याङ्कले जनाएको छ ।

तथ्याङ्कमा सन् २०२४ को पहिलो तीन महिनामा उपभोक्ता मूल्य सूचकाङ्क (सीपीआई) एक प्रतिशतले र मार्चमा समाप्त हुने १२ महिनाको अवधिमा तीन दशमलव छ प्रतिशतले बढेको तथ्याङ्ले देखाएको छ । यसले सन् २०२३ को अन्त्यसम्म १२ महिनाको अवधिमा सीपीआईमा चार दशमलव एक प्रतिशतको वृद्धिबाट घटेको सङ्केत गर्दछ ।

एबीएसले सन् २०२३ को पहिलो त्रैमासिकमा शिक्षा, स्वास्थ्य, आवास, खानालगायतको बढ्दो लागतलाई मुद्रास्फीतिको सबैभन्दा महत्त्वपूर्ण चालकका रूपमा पहिचान गरेको छ ।

मार्चको अन्त्यमा आवासको मूल्य २०२४ को प्रारम्भको तुलनामा शून्य दशमलव सात प्रतिशत र १२ महिनाअघिको तुलनामा चार दशमलव नौ प्रतिशतले बढी थियो ।

एबीएसका मूल्य तथ्याङ्क प्रमुख मिचेल मार्कवार्टले आवासमा त्रैमासिक वृद्धि मुख्यतया भाडाद्वारा सञ्चालित भएको बताउनुभयो । "राजधानीका सहरहरूमा कम अतिरिक्त दरहरूको आधारमा त्रैमासिक भाडाको मूल्य दुई दशमलव एक प्रतिशतले बढेको छ । हरेक १५ वर्षमा सबैभन्दा तीव्र दरमा भाडा बढ्दै गएको छ," उहाँले भन्नुभयो ।

# गर्मीयाममा कागती पानीको प्रयोग गरौँ, कोल्डड्रिङ्ससमा हुन्छ हानिकारक तत्त्व



अरुणा उप्रेती

गर्मीयाम सुरु भएसँगै तीर्खा मेट्नको लागि विभिन्न चिसो पेय पदार्थ (कोल्डड्रिङ्स) को खपत बढ्ने गर्दछ । अहिले धेरै मानिसहरू स्वस्थकर तथा पोषिला स्थानीय पेय पदार्थको सट्टा बजारिया पेय पदार्थको स्वादमा लट्ठ पारिरहेका छन् ।

मानिसहरूले दूध, दहीजस्ता पोषिला पेय पदार्थ बेचेर विभिन्न ब्राण्डका पेयपदार्थ सेवन गरिरहेको देखिन्छ । चिसो पेय पदार्थहरू अहिले गाउँघरमा छ्यापछ्याप्ती छन् । यस्ता वस्तुहरू अहिले शान, मान र सगुन सामग्री नै बनिसकेको देखिन्छ । यी पेय पदार्थहरूले मोही, सर्वतजस्ता नेपाली शैलीका कैयौँ पेय पदार्थलाई विस्थापन गर्दै लगिरहेका पनि छन् ।

अति गुलिया र रसायन मिसिएका यी पदार्थका कारण भविष्यमा उपभोक्ताहरूको दाँत, पेट, हाडजोर्नीलगायत शरीरका अन्य अङ्गहरूमा रोगले घर बनाउँछ । यी पेयहरूले मोटोपनको समस्या निम्त्याउँछ । जतिजति यी पेयहरूको उपभोग बढ्दै जान्छ, त्यति नै तिनीहरूको सेवनबाट हुने स्वास्थ्य समस्याहरू पनि थपिदै गएको छ तर उपभोक्ताहरू के कारणले आफूलाई स्वास्थ्य समस्या भइरहेको छ भन्ने कुरा खुट्याउन सकिरहेका हुँदैनन् ।

रेडियो, टेलिभिजन र ठाउँठाउँमा राखिएका विज्ञापन बोर्डहरूमा गरिएका भ्रम पार्ने विज्ञापनहरूका कारण उनीहरू त्यस्ता पेयले आफूलाई राम्रै गरिरहेको होला भन्ने विश्वास हुन्छन् ।

यसरी पिउँदापिउँदै कतिपयलाई त नसालु पदार्थजस्तै लत नै लागिसकेको हुन्छ । प्रसिद्ध खेलाडीले आफ्नो सफलतापछि विभिन्न ब्राण्डका पेय पदार्थ घ्वाटघ्वाट पिएर आनन्द लिएको देखाउने टेलिभिजनको आकर्षक विज्ञापनले युवायुवतीलाई हरेक खुसीमा यसै गर्न प्रेरित गरिरहेको हुन्छ ।

अर्धनग्न नर्तकीले डान्सवार वा डिस्को थेकमा पसिना पुछ्दै बोतलबाट हल्का पेय पिइरहेको देखेपछि यो पिउनै पर्ने पेय पदार्थ रहेछ भन्ने युवा मस्तिष्कमा छाप बस्छ । वास्तवमा उपभोक्तालाई आकर्षित गर्ने यस्ता चिसो पेयको विज्ञापनले धेरैलाई झुक्याइरहेको छ ।

बजारमा जताततै पाइने चिसो पेय अहिले नेपालका त्यस्ता दुर्गम स्थानहरूमा पनि पुगेका छन्, जहाँ दूधका पाकेट र औषधिहरू पनि पुग्न सकेका छैनन् । यी वस्तुहरूको तडकभडकयुक्त प्रचारप्रसार र पहुँचका कारण दुर्गम ग्रामीण क्षेत्रका मानिसले पनि अहिले यी वस्तुहरूलाई फेसन र आधुनिकताको प्रतीकका रूपमा स्वीकार गरिरहेका छन् ।

अधिकांश उपभोक्तालाई ती चिसो झोलमा भएका तत्त्वहरू र तिनीहरूले शरीरलाई पार्ने हानिबारे कुनै जानकारी नै भएको हुँदैन । वास्तवमा यी पेय पदार्थहरू रङ्ग, बास्ना, गुलियो अमिलो स्वाद घोलेर फिँज उठ्ने बनाई आकर्षक बोतलमा बन्द गरिएका चिसो पेय हुन्, जुन धेरै महँगा र हानिकारक हुन्छन् ।

यस्ता चिसो पेयमा चिनीको मात्रा अति नै बढी हुन्छ । भविष्यमा विभिन्न स्वास्थ्य समस्याका कारण पनि बन्न सक्छन् । ती तत्त्वहरूले मानिसको हाड कमजोर हुने, शरीर मोटो पार्ने, दाँत खियाउने र क्यान्सरजस्ता रोगहरू लगाउन सक्छन् । अमेरिकन डायबीटीक एसोसिएसन र अमेरिकन हार्ट एसोसिएसनले चिनी भएको सोडाको हाल भइरहेको उपभोग घटाउन आग्रह गरेका छन् ।

अमेरिकन डायबीटीज एसोसिएसनले डायबीटीजको सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण कुरा खाना नै हो । साथै, शरीरको तौल बढाउन र रगतमा ग्लुकोजको मात्रा बढाउनको लागि पेय पदार्थको भूमिका उत्तिकै हुन्छ । सो एसोसिएसनले यदि डायबीटीज भइसकेको छ वा हुने जोखिम छ भने पिउनका लागि पानी, बिनाचिनीको चिया, कफी वा अरु कुनै कम क्यालोरी भएको पेय पदार्थ वा कागती पानी मात्र पिउन सुझाव दिएको छ ।

## कोल्डड्रिङ्समा हुने हानिकारक तत्त्वहरू

चिसो पेय पदार्थहरूमा स्वास्थ्यलाई हानि गर्ने विभिन्न तत्त्वहरू पाइएका छन् । यी पेयहरूमा एकक्षणका लागि मात्र स्फूर्ति दिने र लत बसाउने तत्त्वहरू पनि हुन्छन् । ती तत्त्वहरूले हाम्रो स्वास्थ्यमा दीर्घकालीनरूपमा विभिन्न असरहरू पार्छन् । केटाकेटीहरूलाई यस्तो पेय पदार्थ दिँदा यी झोलहरूमा हुने चिनीले मोटो बनाउँछ । चिसो झोलमा फोस्फोरिक अम्ल धेरै मात्रामा हुन्छ र यस अम्लले केटाकेटीको हाडलाई कमजोर पार्छ ।

चिसो पेय पदार्थमा पाइने क्याफिन केन्द्रीय स्नायु प्रणालीलाई उत्तेजित गराउने र लत लगाउने तत्त्व हो । यसले कृत्रिमरूपमा शरीरलाई उत्तेजित गराउँछ र हृदयगति बढाउँछ । यस्तो उत्तेजित अवस्थामा स्मरण शक्ति बढेको, स्फूर्ति बढेको र थकाइ मेटिएको अनुभव हुन्छ । तर, यस्तो अवस्था क्षणिक हुन्छ । यतिमात्र होइन, चिसो पेय पदार्थमा हुने क्याफिन र चिनी दुवैले क्याल्सियम नष्ट गर्ने र हाड खियाउने गर्दछन् ।

चिसो पेयहरूलाई ताजा राख्न र स्वादिलो बनाउन साइटिक एसिड, फोस्फरिक एसिड र कहिलेकाहीँ म्यालिक र टारटारिक अम्लहरू राख्ने गरिन्छ । यी अम्लहरूले झोललाई सड्नबाट रोक्दछन् र मिठासलाई सन्तुलनमा राख्ने मद्दत गर्छ । अम्लहरूको कारणले नै चिसो पेय पिउँदा तिर्खा मेटिएको महसुस हुन्छ ।

चिसो पेय पिउँदा माथि तैरिएका फोका तथा फिँजले नै आनन्द दिन्छ । यी फोका र फिँज फोस्फोरिक अम्ल र कार्वन डाइअक्साइडबिचको प्रतिक्रिया भएर बन्दछन् । यी तत्त्वहरूका कारणले पेट पोल्ने र घाउ हुने गर्दछ ।

फोस्फोरिक अम्ललाई क्रोम धातुको खिया र मोटरको ब्याट्री सफा गर्न प्रयोग गरिन्छ । यो कुराले नै यो अम्ल निकै पोल्ने खालको छ भन्ने स्पष्ट गर्दछ । धातुको खिया पखाल्ने अम्लले हाम्रो शरीरको मासुलाई सजिलै पोल्न सक्दछ ।

## कोल्डड्रिङ्सको सट्टा कागती पानी

गर्मी याममा तीर्खा मेट्नको लागि बजारिया चिसो पेय पदार्थ नै सेवन गर्नुपर्छ भन्ने छैन, वर्षैभरि पाइने कागती गर्मीमा वा जाडो जुनसुकै बेलामा, तातो वा चिसो जे पदार्थमा मिलाएर खान सकिन्छ । स्वाद र स्वास्थ्यको दृष्टिकोणले पनि यो अति राम्रो तत्त्व हो ।

म व्यक्तिगतरूपमा कागतीलाई 'औषधिको डल्लो' भन्छु । बिहान उठ्नेबित्तिकै चिनी नहालेको कागती चिया खान्छु । दालमा मिलाएर खान्छु । यसैले मैले कहिले पनि भिटामिन 'सी' को गोली खानै परेको छैन । कागतीमा पाइने एउटा महत्त्वपूर्ण तत्त्व हो भिटामिन 'सी' । भिटामिन 'सी' को महत्त्वको बारेमा अहिले त धेरै जनाले थाहा पाइसकेका छन् । विज्ञानले पुष्टि गरेको छ कि भिटामिन 'सी' ले रोगसँग लड्नसक्ने प्रतिरोधात्मक शक्ति प्रदान गर्छ ।

हाम्रो भान्छामा खाइने अचार पनि भिटामीन 'सी' ले युक्त हुन्छ । गर्मी सुरु हुने बेलामा अक्षय तृतीयामा सान्है कागतीको सर्बत र जौको सातु खान दिने हाम्रा पुर्खाहरूले चलाएका चलन पनि कागतीको महत्त्व बुझेर नै होला । गर्मीको बेलामा कागतीसँग सातु पिउँदा पेट भरिन्छ र गर्मीको बेलामा हुने विभिन्न पेटको गडबडीबाट बच्न सकिन्छ ।

गर्मीमा शरीरलाई चाहिने ऊर्जा पनि पर्याप्त हुन्छ । सातु र कागती सर्बत पिउने प्रचलन हराउँदै गएर आजकाल त अक्षय तृतीयको दिनदेखि जन्म दिनमा पनि प्याकेटका फलफुलको महँगो तर स्वास्थ्यलाई हानि गर्ने फलफुलको नक्कली रस, चिसो पेय पदार्थहरू खाइन्छ । यसले नेपाली संस्कृतिलाई नष्ट गर्छ, स्वास्थ्य नष्ट गर्छ, पैसा नष्ट गर्छ । यस्तो चलन कम गर्न नक्कली रसको सट्टा कागतीको रस प्रयोग गर्न सकिन्छ ।

कति स्वास्थ्यको बारेमा जाने बुझेका व्यक्तिले नै बट्टाको जुस खान्छन्, कागती बर्सत पिउँदैनन् । नेपालको प्राय: सबै ठाउँमा कागती फल्छ । विभिन्न प्रकारको कागतीको स्वाद भिन्दै भए पनि पौष्टिकता भने सबैमा हुन्छ । कागतीको महत्त्व कति छ भन्ने कुरा आयुर्वेद किताबमा लेखिएको छ, 'कागती र अदुवा दिनदिनै खाने व्यक्तिको घरमा रोगले प्रवेश पाउँदैन ।'

नेपालमा महिलाहरूलाई रगतको कमी भयो भनेर अनेक औषधि दिइन्छ । तर, कागतीमा रहेको भिटामिन 'सी' ले भोजनमा रहेको लौह तत्त्वलाई शोषण गर्नमा मद्दत गर्छ भन्ने कुरा प्रचार भएको छैन । कतिपय स्वास्थ्यकर्मीहरूले रक्तअल्पता भएका महिलालाई भिटामिन 'सी' को चक्की दिन्छन् र खानासँग खानु भन्छन् ।

सायदै कुनै स्वास्थ्यकर्मीले कागतीको रस भोजनसँग मिसाएर खानु भन्ने गर्छन् । 'कागतीको रस मिसाएर' भोजन खाउभन्दा औषधि कम्पनीहरूको फाइदा हुँदैन र त्यसैले यस्तो जानकारीलाई बढावा दिने चलन छैन ।

तर, मासको वा कुनै दालसँग कागतीको रस वा गोलभैँडाको अचार खाँदा दालमा रहेको लौह तत्त्व राम्रोसँग सोसिन्छ । फलामको भाँडोमा पकाएको कुनै पनि दाल, तरकारीमा कागतीको रस मिसाएर खाँदा गर्भवती महिलालाई रगतको कमीबाट रोक्न प्रोटिन प्राप्त हुन्छ ।

साइट्रिक एसिड विभिन्न फलफुलमा पाइन्छ भन्ने जानकारी वैज्ञानिकहरूले १७ औँ शताब्दीमा पत्ता लगाएका हुन् । शरीरको अतिरिक्त क्रियाकलापहरूलाई सञ्चालन गर्न यो एसिडको महत्त्व छ र कागतीमा यो सहजै पाइन्छ ।

आजकल कागतीको रस हालेर चिया, सर्वत खान वा पाहुनालाई सत्कार गर्ने चलन बढेको छ । गर्मीको बेलामा पनि स्वास्थ्यकर कागतीको सर्बत हामी दिन हिच्किचाउनु पर्दैन । बालबालिकालाई पनि बट्टाको 'जुस' होइन कागतीको सर्बत दिनुपर्छ ।

यतिमात्र होइन, कागतीको रसको प्रयोगले दाँतको गिजाबाट रगत बग्ने समस्यालाई कम गर्न मद्दत गर्छ । त्यसैले गर्भवतीलाई कागती खाने सल्लाह दिने चलन गाउँघरमा अझै पनि छ । रुघाखोकी लाग्दा कागती पानी र मह खानुपर्छ भनेर धेरैले थाहा पाएका छन् ।

कागतीलाई दैनिक भोजनको नै प्रयोग गरियो भने रोग प्रतिरोधात्मक शक्ति बलियो हुन्छ र हरेक चोटि मौसम बदलिँदा रुघाखोकी लाग्न कम हुन्छ भन्ने पनि थाहा पाउनु पर्छ । गाउँघरमा गर्भवती महिलालाई वाकवाक लाग्दा कागती र नून खानु भनेर सल्लाह दिइन्छ र यसले वास्तवमा नै वाकवाक कम गर्छ ।

कागतीको प्रयोगले कब्जियतबाट पनि बचाउँछ । जाडोको बेलामा कागतीको रस मनतातो पानीमा हालेर खान दिने चलन पुर्खाहरूले थालनी पहिलादेखि नै ल्याएका हुन् । मुख गन्हाउने व्यक्तिको यदि दन्तसम्बन्धी अन्य रोग छैनन् भने कागतीको रस र तातो पानीले फाइदा गर्छ ।

कागती पानीको कुल्लापछि पुन: पानीले एकचोटि कुल्ला गर्नुपर्छ, ताकि कागतीको अमिलोले दाँतमा असर नपरोस् । नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानबाट गरिएको अनुसन्धानमा 'कागतीको रसले हैजाको किटाणु वृद्धि हुन रोक्छ' भनेर पुष्टि भएको छ तर यो अनुसन्धानको व्यावहारिक प्रयोग हुन सकेको छैन ।

कागतीको रसको मात्र नभएर बोक्राको उपयोगिताबारे पनि कमैलाई मात्र थाहा हुनसक्छ । केही अनुसन्धानले कागतीको बोक्राको नियमित प्रयोगले कब्जियतको समस्या समाधान गर्छ भनेर देखाएको छ । कागती धोएर काटेर रस निकालेपछि बोक्रालाई सानोसानो टुक्रा पारेर सलादमा हालेर खान सकिन्छ । यदि तीतो स्वाद मन पर्दैन भने कागतीको बोक्रालाई राखेर सिसीमा नून हालेर केही दिन घाममा राखेपछि त्यो बोक्रा अचारमा बदलिन्छ ।

कागतीसँगै गर्मीमा प्रयोग गर्नुपर्ने बाबरी वा पुदिना पनि हो । बाबरी (मधेसतिर पुदिना पनि भनिन्छ) को अचार बनाएर खाने चलन पहिलेदेखि नै हो । गर्मीको बेलामा यो पानीमा हालेर खाए हुन्छ । जुन तरिकाले खाए पनि स्वास्थ्य र स्वस्थ दुवै दिन्छ । वीरे नुन र कागती हाली पिसेर बनाइएका पुदिनाले खाना रुचाउनुका साथै पाचन प्रक्रियामा पनि सहयोग गर्दछ । पानीमा बाबरी र कागतीको टुक्रा भिजाएर राख्ने र त्यो पानी पिउनाले धेरै नै लाभ पुग्दछ ।

***रासस***

*(लेखक जनस्वास्थ्यविद् हुन् ।)*

---

***इतिहास...***

ललितपुर र भक्तपुरमै पनि यो उपाय लगाउन सके गज्जब हुने अनुभव भयो । चिनियाँ महिलाहरूले नगरका पसलमा केही घण्टाको लागि भाडामा ती परम्परागत पोशाक लिन्थे र लगाएर केही घण्टाभित्र नगर घुम्ने र तस्बीर खिच्थे । यसले एकातिर स्थानीय रोजगारी प्रवर्द्धन पनि भएको देखियो, अर्कोतिर नगरमा जतिखेर पनि सांस्कृतिक र परम्परागत लुगा लगाएका सुन्दर महिलाहरू घुमिरहँदा सांस्कृतिक वैभव पनि उजागर भएको देखियो । हाम्रा प्राचीन नगरमा पनि हाकुपटासी लगाएका महिलाहरू यसरी नै घुमिरहने परिस्थिति बनाउन सके नगरलाई सांस्कृतिकरूपमा अझ जीवन्त बनाउन सकिन्छ, त्यसबाट संस्कृतिको प्रचार हुनुका साथै स्थानीय रोजगारी प्रवर्द्धनमा पनि टेवा पुग्ने देखिन्छ । ती चिनियाँ महिलाहरू परम्परागत पोशाक लगाएर घुम्दै गर्दा मेरो आँखा अघि मेरो गृहनगर भक्तपुरको बाटोमा देशी विदेशी महिलाहरू हाकुपटासी लगाएर घुम्दै गरेको, तस्बिर खिच्दै गरेको कल्पनामात्र नाचिरहेको थियो ।



फिङ्याओको परम्परागत मौलिक परिकार पाइने भोजनालयहरूमा मानिसहरू पालो कुरेर खाना, खाजा खाइरहेका थिए । उनीहरू फिङ्याओलाई चिनाउने मौलिक परिकार खान आतुर थिए । चाओले एउटा पसलमा हाम्रो लागि बल्ल पाएको टोकनअनुसार पालो आउन एक घण्टा कुर्नुपर्यो । एक घण्टा घुमेर फर्किँदा बल्ल भोजनालयभित्र पस्ने हाम्रो पालो आयो । पसलभित्र स्थानीय परिकार खाँदै गरेका चिनियाँहरूको भिड थियो । एउटा गल्लीबाट पस्दा आउने दुई तीनवटा चोकहरूलाई सफा चिटिक्क बनाएर खानाखाने ठाउँ बनाइएको थियो । त्यस्ता चोकमा बसेर खाँदा मानिसहरूले पक्कै इतिहासको कुनै कालखण्ड बाँचिरहेको अनुभव गरिरहेको हुनुपर्छ । अधिकांश पसलमा स्थानीय उत्पादन र परिचय झल्काउने परिकारलाई विशेष प्राथमिकता दिइएको थियो ।

फिङ्याओको सिरका (भिनेगर) चीनभरि नै विशेष मानिँदो रहेछ । त्यसकारण, भिनेगर बेच्ने पसलहरूमा पनि मानिसको घुइँचो लागेको देखिन्थ्यो । पर्यटकहरू फिङ्याओको भिनेगर किन्न एकपछि अर्को थरी चाख्दै थिए । एउटै पसलमा पनि धेरै थरी भिनेगर बेच्न राखिएका थिए ।

सडकमा मानिसको घुइँचो जति बढे पनि सरसफाइको काम पनि लगातार चलिरहेको देखिन्थ्यो । बाटोमा सानो कागजको चिर्कटोमात्र खसेको देख्दा पनि सफाइ मजदुरहरू टिप्न आइपुगिहाल्थे ।

बिहान, साँझ कठ्याङ्ग्रिने हावाले घोचे पनि दिउँसोको घामले भने हाम्रो फिङ्याओ बसाइँ ज्यादै सुन्दर बनाएको थियो । प्राचीन सुरक्षा पर्खालले घेरिएको नगरको सुरक्षा व्यवस्था आफैँ पनि अध्ययनको लागि रोचक विषय हो । नगर बाहिर जान वा भित्र पस्न कुनै न कुनै ढोकाबाट पस्नुको विकल्प छैन । अग्लो पर्खाल बाहिर चौडा मानवनिर्मित खोला छ, जहाँ हिजोआज हिउँ जमेको देखिन्छ । तर, कुनै बेला यो खोला–नगरको सुरक्षाको आधार थियो । नगरमा हमला गर्दा शत्रुको निम्ति यो खोला तर्न सबभन्दा सकस हुन्थ्यो । फिङ्याओको सुरक्षा पर्खाल माथि उक्लेर चारैतिर नियाल्दा एकातिर पर्खालबाहिर भव्य आधुनिक चिनियाँ सहर देखिन्थ्यो भने पर्खालभित्र इतिहास बाँचिरहेको एउटा चिनियाँ नगर देखिन्थ्यो ।

चाओ बाहिरका अग्ला भवन र भित्रका छाने घरहरू देखाउँदै भन्दै थिए, यो इतिहास हो, यो वर्तमान हो ।

त्यही बेला चाओको छोरालाई अँगालो मार्दै मैले भनेँ, अनि यो भविष्य ।

फिङ्याओबाट फर्किने दिन बिहानै हामी त्यहाँको नगर नाटक घरमा पुग्यौँ । हामी पुग्दा नाटक हेर्न मानिसको घुइँचो लागिसकेको थियो । सामान्यत: हामीले देखेको नाटक घरमा दर्शक बस्छन् र दबुमा कलाकारले नाटक मञ्चन गर्छन् । एवम् रीतले दृश्य परिवर्तन हुँदै जान्छ । कथा अघि बढ्दै जान्छ । तर, फिङ्याओको त्यो नाटक घरमा भने दर्शकहरू आफैँ नाटकका कलाकार हुन्छन् । दर्शकहरू क्रमश: एउटा कोठाबाट अर्को कोठामा गएर नाटकका दृश्यमा कलाकारसँगै आफैँ पनि सहभागी बन्छन् । कुनै बेला फिङ्याओको एक जना व्यापारीको छोरा अपहरणमा पर्दा उसलाई बचाउन गएका फिङ्याओका युवाहरूको वियोगपूर्ण कथामा आधारित नाटकले सिङ्गो फिङ्याओको इतिहास र समाज बोलिरहेको थियो । कथासँगै नाटकले फिङ्याओको संस्कृति, इतिहास, जनजीवन कथिरहेको थियो ।

सन् १९९७ मा फिङ्याओकै शुआङलीन ( Shuanglin) मन्दिर र चनकुओ (Zhenguo) को मन्दिरसहित फिङ्याओको यो सांस्कृतिक नगरलाई युनेस्कोले विश्व सम्पदामा सूचीकरण गरेको थियो । फिङ्याओलाई चीनकै सबभन्दा व्यवस्थितरूपमा संरक्षित काउन्टीस्तरको सम्पदा क्षेत्र मानिन्छ । इतिहासको संरक्षणसँगै फिङ्याओले त्यहाँका स्थानीयलाई मनग्य रोजगारी पनि दिइरहेको देखिन्थ्यो । खाना खान गएको एउटा रेस्टुराँमा देखाइएको स्थानीय सांस्कृतिक कार्यक्रममा बाजागाजा बजाउने कलाकारहरू सबै कम्तीमा ६० नाघेका थिए । उनीहरूले बजाएको बाजाको धुनमा युवाहरू परम्परागत नाच नाचिरहेका थिए जसले चिनियाँ संस्कृतिको फराकिलो आयाम उजागर गरिरहेको थियो ।

फिङ्याओबाट फर्किने दिन चिसो निकै बढिसकेको थियो । चाओ भन्दै थिए, कुनै पनि बेला हिउँ पर्न सक्छ । नभन्दै हामी थाइयुआन सहर पुगेको दिन परेको हिउँले जताततै सेतै बनाएको थियो । जाँदा उजाड मरुभूमि जस्तो लागेको शान्सीको भूगोल फर्किँदा हिउँले छपक्कै छोपिएको थियो, जताततै हिउँले सेतो कपडा ओछ्याए जस्तो देखिएको थियो ।

# भूकम्पको स्मरणमा प्रवचन कार्यक्रम



भक्तपुर, १२ वैशाख । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप ई. कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २०७२ साल वैशाख १२ गते गएको भूकम्पको स्मरणमा प्रवचन कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले 4th ICEE-PDRP Website को शुभारम्भ गर्नुभयो ।

कार्यक्रममा भनपाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष प्रजापतिले ९ वर्ष अगाडि गएको भूकम्पको स्मरण गर्नुको औचित्यमाथि प्रस्ट पार्दै भूकम्पमा तत्काल उद्धार र राहत पुऱ्याउन सके जनताको जीवन रक्षा गर्न सकिने बताउनुभयो । उहाँले विपद्बाट बच्न पूर्वतयारी आवश्यक रहेको बताउनुभयो ।

विपद्लाई व्यक्तिगत तथा राजनीतिक स्वार्थ पूरा गर्ने अवसरको रूपमा प्रयोग गर्नेहरूबाट सचेत हुनुपर्ने बताउँदै उहाँले भूकम्पीय क्षेत्रमा मापदण्डविपरीत घर निर्माणले आगामी दिनमा थप जोखिमको चुनौती रहेको स्पष्ट पार्नुभयो ।

आफ्नै स्रोत र साधनको प्रयोग गरी भक्तपुरका सम्पदाहरू पुन:निर्माण गरिरहेको बताउँदै उहाँले देशलाई गणतन्त्रसम्म पुऱ्याउन संसद् पुन:स्थापनाले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

उहाँले गणतन्त्र स्थापना भएको १५ वर्ष बितिसक्दा पनि लाखौँ युवा बिदेसिरहेकोमा चिन्ता व्यक्त गर्दै कलकारखाना निजीकरण र भ्रष्टाचार व्याप्त भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा ख्वप ई. कलेजका प्राचार्य सुजन माकले विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्यले सञ्चालित शैक्षिक संस्थाले अध्ययन अनुसन्धान र जोर्नल प्रकाशनमा जोड दिँदै आएको तथा विषयगतरूपमा नियमित सम्मेलनहरू आयोजना गरिरहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले विपद्ले विनाशसँगै अवसर पनि प्रदान गर्ने भएकोले यसबारे विस्तृतरूपमा अध्ययन अनुसन्धान गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा Earthquake Engineering का विभागीय प्रमुख डा. मन्जिप शाक्यले भूकम्पले प्रदान गरेको अवसरहरूबारे प्रकाश पार्दै भूकम्पसम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्मेलन गरी अनुसन्धान गरिएको बताउँदै विनाससँगै नयाँ प्रविधिको प्रयोग र आविष्कार भइरहेको बताउनुभयो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थानका प्रा.डा. गोकर्णबहादुर मोत्राले Jajarkot Earthquake: Impact and Future Directions for Earthquake Resilient Reconstruction, प्रा. डा. चन्द्रकिरण कवांले Study of Seismic Site Effect and Soil Structure Resonance of Bhaktapur District, Nepal Using Micro tremors विषयमा प्रस्तुतीकरण राख्नुभएको थियो । कार्यक्रममा डा. सुवेगमान बिजुक्छेँले भूकम्पबाट हुने क्षति न्यूनीकरणबारे बोल्नुभएको थियो ।

### उपनिर्वाचनको...

निर्वाचन आचारसंहिताविपरीत वक्तव्य दिने, प्रेस विज्ञप्ति निकाल्ने, प्रकाशन तथा प्रसारण गर्ने, सञ्चार माध्यमबाट जित वा हारको पूर्वानुमानका सामग्री प्रकाशन तथा प्रसारणजस्ता कार्य नगरी निर्वाचनको स्वच्छता र निष्पक्षता कायम गर्न आयोगले बुधबार जानकारी गराएको छ ।

उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन प्रचारप्रसार निषेध अवधिको अनुगमन र निगरानी गरी सोको जानकारी आयोगलाई गराउन सम्बन्धित निकायलाई निर्देश गरिएको आयोगका उपसचिव एवं सहायक प्रवक्ता रामदत्त पाण्डेयले जानकारी दिनुभयो ।


## हार्दिक समवेदना

जन्म
२०११/०९/१५



निधन
२०८१/०१/१०

**स्व. कमला सुवाल**

यस ख्वप कलेज २०५७/५८ +२ ब्याचका आत्मीय मित्र ज्ञानकुमार सुवालकी पूजनीय माता **कमला सुवाल**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**साथीहरू**

आसकुमार जरेजू
आकाश बादे
अक्षयसुन्दर प्रजापति
विश्वजीत प्रजापति
विरेन्द्र बैद्य
विजयकृष्ण श्रेष्ठ
विजय सुवाल
विष्णुप्रसाद खायमली
कृष्णसुन्दर दुवाल
कृष्णभक्त प्रजापति
रत्नमान मानन्धर
दिनेश कायष्ठ
सोनम मानन्धर
दिलकृष्ण प्रजापति
हिराकाजी मानन्धर
कमल कुम्पाख
इन्द्रलाल भोमी

**समस्त ख्वप कलेज २०५७/५८ +२ ब्याच**



## हार्दिक समवेदना



जन्म : २०२२/०५/११
निधन : २०८१/०१/04

यस संस्थाका संस्थापक भ.न.पा. १० कमलविनायक बस्ने राजेश मारिखुका पूजनीय पिता **शिवभक्त मारिखु**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि.**
कमलविनायक-१०, भक्तपुर



## हार्दिक समवेदना



जन्म : १९८७/०१/१०
निधन : २०८०/१२/२४

यस संस्थाका संस्थापक भ.न.पा ७ वाचुटोल बस्ने विवेक कुस्माकी पूजनीय आमा **पंचमाया कुस्मा**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि.**
कमलविनायक-१०, भक्तपुर



## हार्दिक समवेदना



जन्म : २०११/०९/१५
निधन : २०८१/०१/१०

यस संस्थाको महिला उपसमितिका सदस्य रचना खायमलीकी पूजनीय सासूआमा एवं कर्मचारी राजमती सुवालकी ममतामयी आमा **कमला सुवाल**को स्वर्गारोहण भएको चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतक आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्दै मृतात्माको चिरशान्तिको कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
भुलाँचा-४,भक्तपुर


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## सिलबन्दी दरभाउपत्र/बोलपत्र E- Bidding आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/११ गते

भक्तपुर नगरपालिकाबाट वडा नं. ८ लर्केस्थित फोहरमैला प्रशोधन केन्द्रमा CNBM प्रविधिबाट कम्पोस्ट मल तयार गर्न आवश्यक देहायका कच्चा पदार्थहरू खरिद गर्नुपर्ने भएकोले इच्छुक उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताहरूले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी दरभाउपत्र e-Gp System को माध्यमबाट Bid Submission गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp वा कार्यालयमा सम्पर्क राख्नुहुनसमेत सूचित गरिन्छ ।

तपसिल

| ठेक्का नं. | विवरण | परिमाण | बोलपत्र दस्तुर रकम रु. | बोलपत्र जमानत /धरौटी रकम रु. | बोलपत्र पेस गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| BKT MUN/ GOODS /SQ/04/080/081 | सुली (कोइलर/लोकल कुखुराको) | ७००० के.जी. | १,०००।०० | ५०,०००।०० | ०८१/०१/२६ ११:०० बजेसम्म |
| | ढुटो (नन्स्टिम) | ८००० के.जी | | | |
| | रातोमाटो | १,००,००० केजी. | | | |
| | तोकोजाई | २५,००० के.जी. | | | |

मिति २०८१/०१/११ गते प्रकाशित भक्तपुर नगरपालिकाको सिलबन्दी दरभाउपत्र/बोलपत्र E-Bidding आह्वानको सूचना विज्ञापनमा विवरण (ढुटो) र परिमाण (७००० के.जी र ८००० के.जी.) हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## खुला गुँला बाजा प्रतियोगितासम्बन्धी सूचना

सांस्कृतिक विधाहरूको संरक्षण र संवर्द्धन गर्नुका साथै नागरिकहरूमा रहेको सीप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा खुला गुँला बाजा प्रतियोगिता मिति २०८१ वैशाख २२ गते, शनिबार देहायअनुसारको नियमबमोजिम सञ्चालन हुने भएको हुँदा सम्पूर्ण सम्बन्धित बाजाका सांस्कृतिक समूहहरू तथा सम्बन्धित सबैले आ-आफ्नो बाजा देहायको स्थानमा दर्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रतिसमूह दर्ता शुल्क** : रु. १००।-
**दर्ता गर्ने अन्तिम मिति** : २०८१ वैशाख १४ गते, शुक्रबार
**दर्ता गर्ने स्थान** : भक्तपुर नगरपालिकाको प्रशासन शाखा, ब्यासी
भ.न.पा १ देखि १० वडा कार्यालयहरू

**प्रतियोगितामा सहभागी टोलीहरूले पालना गर्नुपर्ने नियमहरू:**

१. प्रतियोगितामा सहभागी हुन चाहने टोलीले नगरपालिकाको प्रशासन शाखा वा वडा कार्यालयहरूमा दर्ता शुल्क प्रतिटोली रु. १००।- तिरी निर्धारित फाराममा सहभागी सदस्यहरूको फोटोसहित विवरण भरी दर्ता गर्नुपर्नेछ । अनलाइन फाराम दर्ताको लागि www.bhaktapurmun.gov.np मा हेर्नुहोला ।
२. प्रतियोगिता २०८१ वैशाख २२ गते, शनिबार सञ्चालन हुनेछ ।
३. प्रत्येक टोलीले नगरपालिकाद्वारा निर्धारित नगर परिक्रमाको रुटमा बाजा बजाएर घुम्नुपर्नेछ । नगर परिक्रमाको समेत मूल्याङ्कन गरिनेछ । नगर परिक्रमाको लागि १० अङ्क भार हुनेछ ।
४. टोलीबिच ३०-५० मिटर फरकमा नगर परिक्रमा गर्नुपर्नेछ ।
५. नगर परिक्रमाको क्रममा टोलीमा धेरै जना सहभागी हुन सक्नेछन् तर मूल्याङ्कन स्थलमा भने प्रतिटोली बढीमा १६ जनामात्र हुनुपर्नेछ, जसमा धाँ बाजा बढीमा ६ जना, नाय खिँ बाजा १ जना र अन्य गीत बजाउने वा गाउने, भुछ्या/सिछ्या/तँ/बाँसुरी/म्वालीँ/ङ्ख/कनाथलगायतका बाजा बजाउने वाद्यवादकहरू हुनुपर्नेछ ।
६. मञ्चमा समयमै उपस्थित हुनुपर्नेछ ।
७. बाजा बजाउँदा गीतको बोल परम्परागत नेवारी लोक धुन हुनुपर्नेछ ।
८. टोलीको प्रस्तुति पालो गोलाप्रथाद्वारा निर्धारण गरिनेछ ।
९. मूल्याकङ्न स्थलमा प्रत्येक टोलीलाई १० मिनेटको समय दिइनेछ । ८ मिनेटमा जनाउ सङ्केतस्वरुप झन्डा उठाइनेछ भने निर्धारित १० मिनेटभित्र बाजा टुङ्ग्याउनुपर्नेछ ।
१०. मञ्चमा द्यो ल्हाय् गर्न पाइने छैन ।
११. प्रतियोगितामा देहायबमोजिम विभिन्न बुँदाहरूमा मूल्याकङ्न गरिनेछन् :

| क्र.सं. | मूल्याङ्कन विवरण | मूल्याङ्कन अङ्कभार |
|---|---|---|
| क. | धुन, बोल र ताल | ३० |
| ख. | समयको परिपालना | ५ |
| ग. | अनुशासन | ५ |
| घ. | हाउभाउ | १० |
| ङ. | भेषभूषा | १० |
| च. | प्रष्टता | २० |
| छ. | दर्शकको ध्यानाकर्षण | १० |

१२. प्रतियोगितामा उत्कृष्ट समूहहरूलाई देहायबमोजिम पुरस्कार वितरण सोही दिन हुनेछ ।

**प्रथम पुरस्कार** - नगद रु. ४०,०००।– का साथै वाद्यवादनका सामग्री
**द्वितीय पुरस्कार** - नगद रु. ३०,०००।– का साथै वाद्यवादनका सामग्री
**तृतीय पुरस्कार** - नगद रु. २५,०००।– का साथै वाद्यवादनका सामग्री
**सान्त्वना पुरस्कार** - नगद रु. २०,०००।- का साथै वाद्यवादनका सामग्री (दुई वटा समूहसम्म)

१३. सहभागी प्रत्येक टोलीलाई खाजा खर्चबापत रु. ३०००।– उपलब्ध गराउनेछ ।
१४. प्रतियोगितासम्बन्धी कुनै विवाद उठेमा निर्णायकहरूको राय सल्लाह लिइनेछ र नगरपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा